'अध्यादेशको 'कन्टेन्ट'लाई लिएर विरोध नगरौं' | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २५९ • २०८१ साल फाल्गुन ०१ गते बिहीबार (13 February, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सिमेन्ट मूल्य कार्टेलविरुद्ध रिट अदालतद्वारा स्वीकार

**टुडे समाचारदाता**

जनकपुरधाम । सिमेन्ट उद्योगमा मूल्य समीकरण (कार्टेल) विरुद्ध दायर गरिएको रिटलाई सर्वोच्च अदालतले स्वीकार गरेको छ।

सिमेन्ट उत्पादक कम्पनीहरूबीचको अनुचित प्रतिस्पर्धा र मूल्यवृद्धिको षड्यन्त्र भएको दाबी गर्दै दायर गरिएको रिटमा सर्वोच्च अदालतले २०८१ माघ ६ (२०२५ जनवरी १९) मा जारी पत्रमार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अदालतमा उपस्थित हुन निर्देशन दिइएको छ।

मधेश प्रदेश सभा सदस्य रहबर अन्सारीद्वारा दायर गरिएको रिटमा सिमेन्ट उत्पादकहरूले मूल्य समीकरणको उद्देश्यले मिलेमतो गरेको दाबी गरिएको छ, जसका कारण सर्वसाधारण उपभोक्ता र निर्माण क्षेत्रमा गम्भीर आर्थिक असर परेको उल्लेख छ।

त्यस्तै रिटमा भविष्यमा सर्वसाधारणको लागि प्रिमियम मूल्यमा साधारण शेयर ल्याउनलाई कम्पनीलाई जसरी पनि नाफामा लैजानुपर्ने भएकाले अहिले मूल्यमा कार्टेल गरिएको आरोप लगाइएको छ।

अदालतले रिट स्वीकृत गरेसँगै सांसद अन्सारीले आफ्नो लामो संघर्षपछि महत्त्वपूर्ण कानूनी सफलता प्राप्त गरेको बताए।

### अध्यादेश प्रकरणमा यादवलाई पछ्याउँदै ठाकुर

# सत्तासीन लोसपाले पनि अध्यादेशलाई समर्थन नगर्ने, सरकार संकटमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)नेपालले भूमिसम्बन्धी अध्यादेश अस्वीकार गर्ने निर्णय गरेको चौबिस घन्टा नबित्दै सत्तासिन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले पनि सरकारले संघीय सदनमा पेस गरेको अध्यादेशको समर्थन नगर्ने जनाएको छ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले बुधबार जारी गरेको विज्ञप्तिमा भूमिसम्बन्धी अध्यादेशप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै सो अध्यादेशको समर्थन नगर्ने स्पष्ट पारेका छन्।

'यस अध्यादेशको अन्तर्यको अध्ययन गर्दा समग्रमा अत्यन्त गरिब र पिछडिएका डुम, मुसहर, चमार, दुसाध, सन्थाल, गनगाई, राजवंशी, राना थारुलगायतका पूर्णरुपमा कृषिमा आधारित गरिब समुदायलाई यसको उपलब्धिको दायराबाट वञ्चित राखिने तथा यो अध्यादेशले वन फडानी र अवैध कब्जा गर्ने प्रवृत्तिलाई बढावा दिने हाम्रो ठहर छ' अध्यक्ष ठाकुरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

अहिलेकै अवस्थामा लोसपा नेपालले यस अध्यादेशलाई समर्थन गर्न नसक्ने स्पष्ट पारेको छ। यसअघि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमिसम्बन्धी अध्यादेशलाई स्वीकार गर्न नसकिने स्पष्ट पारेपछि त्यसैलाई पछ्याउँदै लोसपा नेपालका अध्यक्ष ठाकुरले पनि सो अध्यादेशको विरुद्धमा जाने निर्णय गरेका छन्।

सत्ता साझेदार लोसपालेपनि भूमिसम्बन्धी अध्यादेशको विरोध गरेसँगै सरकारले राष्ट्रिय सभामा जसपा नेपालको विकल्प खोज्न गरेको प्रयासमा समेत धक्का लागेको छ। जसपा नेपालले भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरे





लगतै मंगलबार साँझ बसेको सत्तासीन दलहरुको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा विकल्पको खोजी गर्ने निष्कर्ष निकालिएको थियो।

सरकारले संसदमा पेस गरेको भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ स्वीकृत नगर्ने जसपा नेपाल र लोसपा नेपालले भूमिसम्बन्धी अध्यादेशको निर्णय गरेसंगै सोको प्रभावबारे अनेक आकलन पनि हुन थालेको छ। बहुमत प्राप्त सरकारले ल्याएको अध्यादेश सत्ता घटक दलले नै पारित नगर्ने निर्णय गर्नुले प्रधानमन्त्री केपी शर्मा ओलीमाथि संकट उत्पन्न हुने देखिएको छ । प्रधानमन्त्री ओलीको नैतिकतामाथि पनि प्रश्न उठ्ने विज्ञहरू बताउँछन्।

अध्यादेश स्वीकृत गर्न राष्ट्रिय सभामा निर्णायक रहेको जसपा नेपालले गरेको निर्णय दूरगामी प्रभाव पार्ने खालको रहेको संविधानविद् विपिन अधिकारीले जनाएका छन् । सरकार नै अप्ठेरोमा परेको भन्दै अब अध्यादेश अघि नबढाउन उनले सुझाव दिए। सरकारले विचार नगरी हतारमा अध्यादेश ल्याउँदा यो स्थिति आएको उनले दाबी गरे।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी सरकारले संसदमा पेस गरेको अध्यादेश स्वीकृत नभए प्रधानमन्त्री केपी शर्मा ओलीमाथि नैतिक प्रश्न उठ्ने बताउँछन् । यद्यपि, सरकारले ल्याएका ६ वटामध्ये भूमिसम्बन्धी अध्यादेश मात्र विवादमा परेको छ।

'एउटा मात्र पनि स्वीकृत गर्न सकेन भने नैतिकताको आधारमा राजीनामा गर्नुपर्ने हो,' केसीले भने, 'प्रतिष्ठा र इज्जत छ भने माफी माग्नुपर्थ्यो। अनि हामीले पास गर्न सकेनौं भनेर राजीनामा दिएर घर जानु पर्थ्यो। किनकि सरकारमाथि नैतिक प्रश्न उठिसक्यो।'

अध्यादेश ल्याउनु पनि तत्काल कानुन निर्माण गर्ने प्रक्रिया हो, या त त्यसलाई स्वीकार गरिन्छ, या त प्रतिस्थापन गरिन्छ। तर, भूमि अध्यादेशमा व्यापक छलकपट गरिएको उनी बताउँछन्।

'यसमा राष्ट्रहित होइन, व्यक्तिको स्वार्थ हेरिएको छ, भूमि सम्बन्धी अध्यादेश पास गर्ने हो भने खोलानाला, प्राकृतिक स्रोत, वनजंगल, निकुञ्ज व्यक्तिको नाममा जान्छ,' उनले थपे, 'पहिला अध्यादेश जारी गरेर संसद् बोलाउने काम गर्ने यो सरकारले संसदलाई अपमान गऱ्यो।'

तर अध्यादेश पारितका लागि संसद्का दुवै सदनमा निर्णयार्थ पेस भने गरिएको छैन । प्रतिनिधिसभामा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेको स्पष्ट बहुमत रहे पनि राष्ट्रियसभामा जसपा नेपाल निर्णायक रहेको छ । संसदको पहिलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमाले मिलेर बनेको सरकारलाई ६ दलको समर्थन रहेको छ।

भूमिसम्बन्धी अध्यादेश ल्याउन प्रधानमन्त्रीले मन्त्रिपरिषदमा छलफल गराउदा लोसपाबाट मन्त्री रहेका शरतसिंह भण्डारीको पनि सहभागिता रहेको थियो ।तर भण्डारीले अध्यादेशको विरोध गरेका थिएनन्।

जसपा नेपालको निर्णय सार्वजनिक भएसँगै लोसपाले पनि समर्थन नगर्ने निर्णय गरेको छ। सरकारमा रहेको जनता समाजवादी पार्टी(जसपा)ले हालसम्म अध्यादेशलाई समर्थन नै गरेको छ। जनमत पार्टीले पनि यस सम्बन्धमा धारणा सार्वजनिक गरेको छैन।

सरकारले माघ १८ गते सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, र भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ अध्यादेश संसद्मा पेस गरेको छ।






# स्वच्छता किट्स वितरण कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

रौतहट । आसमान नेपाल गौर शाखाको आयोजनामा तथा ब्रीटिस काउन्सिल भिएसओ र युकेएडको साझेदारीमा सञ्चालित जेम्स परियोजनाको आर्थिक सहयोगमा गौर तथा गढीमाई नगरपालिकाका विभिन्न टोलहरूमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (एफसीएचवी) तथा आमा समूह सदस्यहरूका लागि स्वच्छता किट्स वितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

स्वास्थ्य स्वयंसेविकाहरूले समुदायमा मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप कार्यक्रम, परिवार नियोजन र आधारभूत स्वास्थ्य सेवा प्रवाहमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् । उनीहरूको व्यक्तिगत स्वच्छता तथा कार्यक्षमता वृद्धि गर्ने उद्देश्यले एक सय जना स्वयंसेविका तथा आमा समूह सदस्यहरूलाई स्वच्छता किट वितरण गरिएको हो ।

स्वच्छता किटमा समावेश सामग्रीहरू कपास तौलिया-१,नुहानेका साबुन २,लुग्गा धुने साबुन २,टूथ ब्रश २,टूथपेस्ट-१,सेनेटरी पैड १,पुनःप्रयोज्य सेनेटरी पैड २,अंडरवियर ४,नेल कटर १,तरल क्लोरीन १ महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई व्यक्तिगत स्वच्छता कायम राख्न तथा समुदायमा अझ प्रभावकारी सेवा प्रदान गर्न सहज हुनेछ ।




कार्यक्रमको उद्घाटन गर्दै जेम्स परियोजनाका रौतहट परियोजना संयोजक संजय कुमार यादवले स्वास्थ्य स्वयंसेविकाहरूले नेपालको ग्रामीण स्वास्थ्य सेवामा पुर्याएको योगदानको प्रशंसा गरे । महिला स्वास्थ्य स्वयंसेविकाहरूले समुदायका स्वास्थ्य सूचकहरू सुधार्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । गर्भवती तथा सुत्केरी महिलाको हेरचाह, खोप कार्यक्रम, पोषण सुधार, तथा अन्य स्वास्थ्य सेवा प्रवाहमा उनीहरूको मेहनत अतुलनीय छ ।

त्यस्तै, गौर तथा गढीमाई नगरपालिकाका वडा अध्यक्षहरू, समाजसेवीहरू, तथा स्वास्थ्य संस्था प्रमुखहरूले पनि कार्यक्रमको प्रशंसा गर्दै महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिकालाई अझ सशक्त बनाउन यस्ता कार्यक्रमहरू आवश्यक रहेको बताए ।

गौर नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष शिवशंकर यादबले भने महिला स्वास्थ्य स्वयंसेविकाहरू समुदायका असली नायक हुन् । उनीहरूको निरन्तर सेवा र परिश्रमकै कारण मातृ तथा शिशु मृत्यु दरमा कमी आएको छ । शीतकालीन सहायता कार्यक्रम अन्तर्गत गौर तथा गढीमाई नगरपालिकाका गरिब, दलित, विपन्न तथा अपांग महिलाहरूलाई न्यानो झोला, कम्बल, र फोम वितरण गरिएको थियो । एक सय जना गरिब तथा सुत्केरी महिलाहरूलाई न्यानो सामग्री वितरण गरेका छन । चिसो मौसममा कमजोर अवस्थाका महिलाहरूलाई सहयोग गर्ने हाम्रो अभियान जारी रहनेछ । कार्यक्रमलाई सफल बनाउन विभिन्न व्यक्ति तथा संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको थियो ।

सो कार्यक्रममा गढिमाई नगरपालिका वडा न. ८ का वडा अध्यक्ष बजरगी यादब, मंजु रजक स्वास्थ्य सहजकर्ता आसमान नेपाल गौर शाखा, सुरज सहनी स्वास्थ्य सहजकर्ता आसमान नेपाल गौर शाखा, आशिष कुमार मिश्र फाइनान्स अफिसर आसमान नेपाल, अजित कुमार यादव आयोजक आसमान नेपाल गौर शाखा, आरती पटेल भिएसओ रौतहट परियोजना सदस्यलगायतका उपस्थिती थिए ।

कार्यक्रमको अन्त्यमा परियोजना संयोजक संजय कुमार यादवले आसमान नेपाल तथा जेम्स परियोजनाको तर्फबाट सबै सहयोगी निकाय, स्वयंसेवक, तथा लाभग्राहीलाई धन्यवाद व्यक्त गरे । हाम्रो लक्ष्य समुदायका महिलाहरूको स्वास्थ्य तथा स्वच्छता सुधार गर्नु हो । आगामी दिनमा पनि हाम्रो टिमका सहयोगी कार्यक्रमहरू सञ्चालन गर्नेछौं । महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि हामी सधैं प्रतिवद्ध रहने बताएका छन् ।

# अवैध काठसहितको पिकअप बरामद

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर चन्द्रनिगाहपुर सडकखण्ड अन्तर्गत शिवनगर चौकमा अवैध सालको काठ सहितको पिकअप गाडी प्रहरीले नियन्त्रणमा लिएको छ ।

गाडी बरामद पछि नक्कली बिलको भरमा अबैध सालको काठको कारोवार भईरहेको खुलासा भएको हो ।

इलाका प्रहरी कार्यालय शिवनगर अगाडी बुधवार अपरान्ह चेकजाँचको क्रममा अबैध सालको काठ प्रयोग गरी बनाईएको फर्नीचर बोकेको ना ४ ख ८७९४ नम्बरको पिकअप गाडी प्रहरीले नियन्त्रणमा लिएको छ ।

कुनै कागजपत्र नभएको अन्दाजी २२ क्युफिट सालको काठ प्रयोग गरी बनाईएको ५ थान चौकस,५ थान झ्याल बोकेको उक्त पिकअप गाडी नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताएका छन् ।




बरामद काठ सहितको पिकअप गाडी , चालक,आवश्यक कारबाहीको लागि जिल्ला बन कार्यालय रौतहटमा पठाईएको डिएसपी कार्कीले जानकारी दिएका छन् ।

प्रहरीले अवैध काठ सहितको गाडी बुधवार दिउँसो वरामद गरेपछी कारोबारीले नक्कली बिल देखाएर प्रहरी लाई झुक्याउन खोजेको थियो । तर डिएसपी कार्कीले अबैध काठ सहितको गाडी १ बजे नियन्त्रणमा लिएको र दिउँसो ३ बजे भ्याटबिल अनलाईन गरिएको देखाएको कारण ईनको कारोवार अबैध रहेको दाबी गरेका छन् ।

## सासुको हत्या गर्ने बुहारी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको जनकनन्दनी गाउँपालिका- ५ मा कुटपिट गरी सासूको हत्या गर्ने बुहारी पक्राउलाई प्रहरीले पक्राउ गरेको छ ।

हत्या गरेको आरोपमा पक्राउ पर्नेमा ३५ वर्षीया रक्षाकुमारी मण्डल रहेकी छन् । उनलाई ईलाका प्रहरी कार्यालय खजुरीको टोलीले पक्राउ गरेको छ ।

घरायसी विवादमा ६५ वर्षीया समुन्द्री देवीलाई कुटपिट गरेको र घटनास्थलमै मृत्यु भएको जानकारी पाएपछि तत्कालै प्रहरी पुगेर कुटपिट गर्ने बुहारी रक्षाकुमारीलाई पक्राउ गरिएको छ ।

# एकल महिलालाई सहयोग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको कंचनरुप नगरसपालिकामा एकल महिलालाई ब्ल्याङ्केट वितरण गरिएको छ। चिसोका कारण पीडीत बनेका गरिब असहाय २ सय ३ जना एकल महिलालाई मंगलवार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहको सहयोगमा यहाँ स्थित एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र नामक संस्थाले चिसोबाट जोगिन ब्ल्याङ्केट



वितरण गरेको हो. । संस्थाकी अध्यक्ष जुही ठाकुर, हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, समाजसेवी बिरेन्द्र खड्ग लगायतले एकल महिलाहरुलाई उक्त ब्ल्याङ्केट वितरण गरेका थिए ।

कमाई गर्ने श्रीमान वितेपछी कस्टकर जीवन विताईहेका एकल महिलालाई केही सहज होस भन्ने उदेश्यले ब्ल्याङ्केट वितरण गरिएको अध्यक्ष ठाकुरको भनाई छ ।

श्रीमानको मृत्यु पछी बेरोजगार बन्नुका साथै कस्टकर जीवन व्यतित गर्न बाध्य भएका एकल महिलालाई संगठित गरी उनीहरुलाई विभिन्न सीपमुलक तालिम समेत प्रदान गरी स्वरोजगार बनाउने काम संस्थाले गरिरहेको जानकारी दिदै उनले यसले उनीहरुको हौसला बढदै जाने विश्वास ब्यक्त गरिन ।

उक्त संस्था अहिले जिल्लाको १८ वटै पालिकामा एकल महिला वडा र नगर समिति गठन गरी सशक्तीकरण अभियान नै चलाएको छ ।

## कटहरियामा आगलागी हुँदा लाखौंको सामग्री नष्ट

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया बजारस्थित गएराति एक वर्कसपमा भएको आगलागीबाट ७ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ ।

जिल्लाको कटहरिया नगरपालिका- ५ का शंकर साहको घरमा वडा ९ डुमरिया गाउँका अनुप रामको छोरा २८ वर्षीय राजु रामले संचालन गरेको राजु वर्कशबमा बिधुतको तार सर्ट भई गएराती १० बजे अचानक आगलागी भएको थियो ।

आगोलागिबाट वर्कशप भित्र राखिएको बा४६ प ९०७ नम्बरको मोटरसाईकल र बिक्रीका लागि राखिएको पार्टपुर्जाहरु जलेर ७ लाख रुपैयाँभन्दा बढीको क्षेती भएको ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई मुकेश कुमार सिंहले जानकारी दिए ।

आगलागी भएको खबर प्राप्त हुनासाथ सइ सिंहको कमाण्डमा गएको प्रहरी टोली र स्थानीय मिलेर १० बजेर २० मिनेटमा आगलागी पूर्ण रूपमा नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय कटहरियाले जनाएको छ ।

# निर्माणाधीन शीत भण्डार अलपत्र



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको देउरी भरुवामा निर्माणाधीन सहकारी शीतभण्डार अलपत्र अवस्थामा छ ।

राजविराज-१५ स्थित सहकारी शीतभण्डार सम्पन्न हुनुपर्नेमा साढे ३ वर्ष बितिसक्दा पनि निर्माण ठेकेदार कम्पनीले भुक्तानी नपाएको भन्दै काम अलपत्र छोडेको हो ।

आर्थिक वर्ष २०७४/०७५ मा प्रदेश सरकारले २५ करोड ४४ लाख ४३ हजार ९ सय ५९ रुपियाँमा गरेको टेण्डर शर्मा, आशिष जेभी प्रालिले ठेक्का कबोल गरेको थियो । मधेश प्रदेश सरकारले प्रत्येक जिल्लामा एक-एक शीतभण्डार निर्माण गर्ने धोषणा अनुसार राजविराज-१५ स्थित देउरी भरुवामा एक बिघा जग्गामा निर्माणाधीन सहकारी शीतभण्डार अलपत्र अवस्थामा छन् ।

सहकारी शीतभण्डार निर्माणको कुल लागतमध्ये ६० प्रतिशत सङ्घीय सरकारले, २० प्रतिशत प्रदेशले र २० प्रतिशत जिल्ला सहकारी सङ्घको समन्वयमा सहकारी संस्थाहरुले व्यहोर्ने सहमति थियो । तीन हजार मेट्रिक टन क्षमताको यो शीतभण्डार निर्माण अलपत्र अवस्थामा रहेको स्थानीय उपभोक्ता रामलखन यादव बताए ।

उनले शीतभण्डार निर्माण २०७७ जेठ १८ गते समपन्न हुनुपर्नेमा साढे तीन वर्ष बितिसक्दा पनि निर्माण अधुरै रहेको बताए । हालसम्म सङ्घीय सरकारले ६० प्रतिशत रकममध्ये ६ करोड ३६ लाख रुपैयाँ मात्र निकासा दिएको छ भने प्रदेश सरकारले पनि २० प्रतिशत रकममध्ये १ करोड ४ लाख रुपियाँ मात्र भुक्तानी दिन सकेको छ । त्यस्तै २० प्रतिशत रकम स्थानीय सहकारी सङ्घसंस्थाबाट रकम आउन नसकेकाले सहकारी शीतभण्डारको निर्माण अलपत्र अवस्थामा छ ।

जिल्ला सहकारी संघ राजविराजका व्यवस्थापक रमेशकुमार गुप्ताका अनुसार रकम अभावमा भुक्तानी हुन नसक्दा शीतभण्डारको काम अलपत्र परेको बताए । उनले चालु आर्थिक वर्षमा प्रदेश सरकारले ८ करोड बजेट छुट्याए तापनि ठेकेदार कम्पनीले पहिलेको भुक्तानी नभए सम्म काम सुरु नगर्ने बताएको बताए । ठेकेदार कम्पनीका प्रतिनिधि घनश्याम साहले काम गरे अनुसारको रकम भुक्तानी नपाएपछि आफूहरुले निर्माण कार्य रोकेको बताए ।

ठेकेदार कम्पनीका प्रतिनिधि साहका अनुसार सामान खरिद, मजदुरलाई मजदुरी र काम भए अनुसारको पैसा नपाएकोले काम रोकेको बताउँदै आठ करोडको काममा पौने चार करोड मात्र भुक्तानी दिएकोले पुरानो भुक्तानी नभएसम्म काम सुरु नगर्ने बताउनुभयो । सरकार र ठेकेदार कम्पनी बिचको सहमति अनुसार काम नभएको कारण निर्माणाधीन शीतभण्डार अलपत्र अवस्थामा छ ।

शीतभण्डार निर्माणस्थलमा प्रयोग भएका फलामे संरचनामा खिया लाग्न सुरु भएको छ । यस सहकारी शीतभण्डारको २०७५ पुस १९ गतेको सम्झौता अनुसार २०७५ फागुन २ गते जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र मधेश प्रदेशका तत्कालीन भूमि व्यवस्था तथा कृषिमन्त्री शैलेन्द्रप्रसाद साहले संयुक्तरुपमा शिलान्यास गरेका थिए ।

# नगर प्रमुखलाई सम्मान

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिका-५ स्थित पानी ट्यांकी प्राङ्गणमा आयोजित निःशुल्क आँखा शल्यक्रिया शिविर भव्य रूपमा सम्पन्न भएको छ । नेपाली सेना श्री वीरदल गण रौतहटको अगुवाइमा तथा नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा सञ्चालन गरिएको उक्त शिविरमा दृष्टिदोष आँखामा संक्रमण रतन्दो रातो आँखा तथा मोतियाबिन्दु जस्ता समस्याबाट पीडित स्थानीय बासिन्दाहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

स्वास्थ्य सेवा सबै नागरिकसम्म पुऱ्याउने उद्देश्यसहित माघ २१ देखि ३० गतेसम्म सञ्चालन गरिएको शिविरमा सयौं स्थानीय नागरिकले निःशुल्क उपचार तथा शल्यक्रिया सेवा प्राप्त गरेका थिए । राजपुर नगरपालिकाका नगर प्रमुख राजिक आलमलाई कदरपत्र प्रदान गरी विशेष सम्मान गरिएको छ ।

नगर प्रमुख आलमको विशेष पहल र सहयोगका कारण शिविर



सफल हुन सकेको भन्दै नेपाली सेनाले उनलाई कदरपत्र प्रदान गरी सम्मान गरेको हो । नेपाली सेना श्री वीरदल गण रौतहटका प्रमुख सेनानी किसोर अधिकारीले नगर प्रमुख आलमलाई सम्मान पत्र प्रदान गरेका हुन् ।

नगर प्रमुख आलमले शिविर सफल बनाउन पुर्याएको योगदानप्रति नेपाली सेनाले उच्च सम्मान व्यक्त गर्दै स्थानीय सरकार र संघीय निकायबीचको सहकार्यले जनतालाई प्रत्यक्ष रूपमा फाइदा पुऱ्याउने विश्वास व्यक्त गरे । सम्मान ग्रहण गर्दै नगर प्रमुख आलमले भने राजपुर नगरपालिका स्वास्थ्य क्षेत्रमा निरन्तर योगदान दिँदै आएको छ । आगामी दिनहरूमा पनि जनताको हितमा यस्ता शिविरहरू सञ्चालन गर्न हामी प्रतिबद्ध छौं ।

शिविर अवधिभर दृष्टि परीक्षण औषधि वितरण, आँखाको संक्रमण उपचार, मोतियाबिन्दुको पहिचान तथा निःशुल्क शल्यक्रिया सेवा प्रदान गरिएको थियो । स्वास्थ्य शिविरमा स्थानिय वासिन्दा, वृद्धवृद्धा तथा अपांगता भएका व्यक्तिहरू विशेष रूपमा लाभान्वित भए ।

शिविरमा सहभागी भएका मुकेश यादबले भने हामीले निःशुल्क सेवा पाउने आशा गरेका थिएनौं । आँखाको समस्या लामो समयदेखि थियो अब उपचारपछि सहज महसुस भइरहेको छ । नेपाली सेना नगरपालिकाका प्रमुख आलम र शिविर सञ्चालन गर्ने सम्पूर्ण चिकित्सकलाई धन्यवाद दिन चाहन्छु ।

नगरपालिकाको सहकार्यमा सम्पन्न शिविरले स्वास्थ्य क्षेत्रमा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका उजागर गरेको छ । नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकता दिँदै भविष्यमा निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गर्न निरन्तर प्रयास गरिने नगर प्रमुख आलमले प्रतिबद्धता जनाएको छ ।

त्यस्तै परोहा नगरपालिकाका नगर प्रमुख शेख वकिल र कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश जयसवाललाई सम्मान गरेको छ ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| वृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘बैंक तथा वित्तीय संस्थाले ऋणीको धितो लिलामी प्रक्रिया पारदर्शी बनाउनुपर्छ’

**टुडे समाचारदाता**

वीरगञ्ज । लगानी गरेको रकम असुल गर्न बैंक तथा वित्तिय संस्थाहरुले अपनाएको प्रकृयालाइ पारदर्शी बनाउन सरोकारवालाहरुबीच सहमति भएको छ। बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा कानुनी र विश्वसनीय ढङ्गले गर्नुपर्ने एक कार्यक्रमका वक्ताहरूले बताएका छन्।

जिल्ला प्रशासन कार्यालय पर्साको समन्वयमा बुधवार आयोजित बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख तथा प्रतिनिधिबीचको अन्तरसंवाद कार्यक्रममा वक्ताहरूले बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा देखावटी रूपमा मात्रै नभएर विश्वसनीय ढङ्गले गर्नुपर्ने बताएका हुन्। ऋण असुलीका लागि अपनाइने प्रकृयाहरु पूर्ण रुपमा पारदर्शी र ऋणीको जानकारीमा हुनुपर्नेमा सहभागिहरुले जोड दिए।



पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललले बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा पारदर्शिता र विश्वसनीयता कायम गर्नुपर्ने बताउनुभयो।

“धितो स्वीकार गर्ने बेला रु ५० लाख मूल्याङ्कन भएको सम्पत्ति लिलाम गर्नुपर्दा भने रु २८-३० लाख मूल्याङ्कन गर्ने प्रक्रियालाई सुधार गर्न जरुरी भइसकेको छ”, उहाँले भन्नुभयो, “धितो स्वीकार गर्दा इञ्जिनियरसहितको प्रयोग गरेको देखिन्छ तर, लिलाम गर्दा सो प्रक्रिया किन नअपनाइएको हो? यो विषयमा पनि सुधार गर्न आवश्यक भइसकेको छ।”

प्रजिअ अर्याललले धितो लिलाम गर्दा पहिला बनिबनाउ तीन-चार व्यक्ति लगेर प्रक्रिया मात्रै मिलाउने प्रवृत्तिमा सुधार गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो। “बैंक तथा वित्तीय संस्थाले कानुनी प्रक्रिया मात्रै पूरा गरेका देखिन्छन्”, उहाँले भन्नुभयो, “असल नियत र खराब नियतका ऋणीलाई एउटै नजरले हेर्न हुँदैन। व्यवहारिक र पारदर्शीतालाई पनि ध्यान दिन जरुरी छ।”

नेपाल राष्ट्र बैंक वीरगञ्जका निर्देशक सुशील पौडेलले बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाहमा मात्रै ध्यान नदिएर ऋण दिएपछि पनि ऋणीको निरन्तर अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो। “धेरै ऋण प्रवाह गर्नेतर्फ मात्रै ध्यान केन्द्रित गर्नुहुँदैन”, उहाँले भन्नुभयो, “जुन प्रयोजनको लागि ऋण लिएको हो। सोही प्रयोजनमा प्रयोग भयो कि भएन भन्नेतर्फ पनि सचेत हुन जरुरी छ।”

वीरगञ्ज बैंक तथा वित्तीय संस्था समूहका संयोजक रोहिणी आचार्यले राष्ट्र बैंकको नीति र निर्देशिका अनुसार सञ्चालन हुँदै आइएको बताउनुभयो। “केही संस्थाले गरेका गल्ती र कमजोरीलाई देखाएर अन्यलाई खराब भन्न हुँदैन”, उहाँले भन्नुभयो, “पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको ऋण उठाउन समस्या भइरहेको छ।

अर्कोतर्फ संस्थाका कर्मचारीलाई पनि भौतिक आक्रमण भएकोतर्फ सचेत गराउन चाहान्छु।” नेपाल राष्ट्र बैंक वीरगञ्जका सहायक निर्देशक नरेशकुमार सर्राफले पछिल्लो समय ऋण असुलीमा चुनौती थपिँदै गइरहेको बताउनुभयो।

“बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलामी गर्दा पारदर्शिता अपनाउनु पर्दछ”, उहाँले भन्नुभयो।

पर्साका प्रहरी प्रमुख गौतम मिश्रले प्रहरीमा पछिल्लो समय आर्थिक अपराधका गतिविधिसम्बन्धी उजुरी आउने क्रम बढेको बताउनुभयो।

“बैंक तथा वित्तीय संस्थाले आर्थिक अपराधका गतिविधिसम्बन्धी अनुसन्धानको क्रममा सहजीकरण गर्न आवश्यक देखिन्छ”, उहाँले भन्नुभयो।

सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर हेडक्वाटरका गणपति राधेश्याम धिमालले बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालय वरिपरि सिसी क्यामेरा जडान गरी कार्यसम्पादनमा पनि प्रविधिको प्रयोग गर्न अनुरोध गर्नुभयो॥

# खानेपानीको पाइप फुट्दा बबरमहल क्षेत्र जलमग्न




काठमाण्डु। खानेपानीको थोक प्राणालीको पाइप फुट्दा काठमाडौँको बबरमहल क्षेत्र जलमग्न भएको छ। बुधवार दिउँसो विद्युत् प्राधिकरणले विद्युत्का तारहरू अण्डरग्राउण्ड गर्नका लागि ‘होरिजोन्टल ड्रिलिङ’ गर्ने क्रममा बबरमहलस्थित खानेपानीको थोक वितरण प्रणालीको पाइप फुटेपछि सो क्षेत्र जलमग्न भएको हो।

काठमाडौँ उपत्यका खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रमुख टीकाबहादुर चौधरीले विद्युत्का तारहरू अण्डरग्राउण्ड गर्नका लागि ‘होरिजोन्टल ड्रिलिङ’ गर्ने क्रममा खानेपानीको थोक वितरण प्रणालीको पाइप फुटेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “पाइप फुटेपछि पानी वितरण गर्ने भल्ब बन्द गरी पाइप सफा गर्नेकाम (वास आउट) भइरहेको छ। हालसम्म पानी बग्न भने रोकिएको छैन।”

पाइप फुटेर पानी पसेपछि बबरमहलस्थित विशेष अदालतसहित वरपरका सरकारी भवन जलमग्न बनेका थिए भने केही सवारीसाधन डुबानमा समेत परेका थिए।रासस

# चिनियाँ अबैध उत्खननको छानविन गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसकी सांसद चन्दा चौधरीले चिनियाँ ठेकेदार कम्पनीबाट सिरहा जिल्लामा भइरहेको अबैध उत्खननको अनुगमन गर्न संसदीय समिति गठनको माग गरेकी छिन्।

प्रतिनिधि सभाको बैठकमा बोल्दै सांसद चौधरीले अबैध उत्खनन् गर्दा स्थानीय प्रहरीले एकजना चिनियाँ नागरिकलाई पक्राउ समेत गरेको बताइन्। उनले सिहारबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूले चुरे क्षेत्रमा भइरहेको अबैध उत्खनन् रोक्नका लागि चासो नदिएको आरोप पनि लगाइन्।

कांग्रेस सांसद चौधरीले भनिन्, ‘खुट्टी खोला आसपासका बस्तीहरू गम्भीर जोखिममा परेका छन्। कृषिकार्य गरेर जीविका चलाउने सामान्य किसानको जीवन गम्भीर रुपमा प्रभावित भएको छ।’

‘राजमार्ग आसपास बसोबास गर्ने ठूलो जनसंख्या स्वच्छ अक्सिजन लिनबाट बञ्चित छ’, उनले भनिन्, ‘स्थानीय, प्रदेश र संघीय सरकारको यस विषयमा ध्यानाकर्षण गराउन चाहन्छु।’ ‘मधेशको लाईफलाईन चुरे क्षेत्र हो। डोजर लगाएर उत्खनन् हुने क्षेत्रको संसदीय अनुगमनको लागि आग्रह गर्दछु। सांसदहरूले अनुगमन गर्न जरुरी छ’, उनले भनेकी छिन्।



सांसद चौधरीले भनिन्, ‘सन् २०२० देखि महेन्द्रराजमार्ग अन्तर्गतको कमला-कञ्चनपुर सडक खण्डको स्तरोन्नति कार्य भइरहेको छ।

महेन्द्र राजमार्गको १ हजार २७ किलोमिटर सडक स्तरोन्नति गर्न चाइना रेलवे टु ईञ्जिनियरिङ ग्रुप भन्ने कम्पनीले नेपाल सरकारसँग ग्लोबल टेण्डरमा भाग लिएर ठेक्का पारेको थियो। चार वर्षदेखि निर्माण कार्य गर्दै आएको छ।’

‘चाइना रेलवे टु भन्ने कम्पनीले सिरहाको कर्जन्हा नगरपालिका, मिर्चैया नगरपालिका, नरहा गाउँपालिका, गोलबजार नगरपालिका, गढीमाई नगरपालिका क्षेत्रमा पर्ने नदीहरूमा अबैध र व्याप्त उत्खनन् गरेको तथ्यहरूप्रति गम्भीर ध्यानाकर्षण भएको छ’, उनले भनिन्।

चौधरीले भनिन्, ‘२०७९ चैत ११ गते लहान नगरपालिका दुई वर्षको लागि ठेक्का सम्झौता गरेको छ। सम्झौतामा चाइना रेल्वे टुले स्काभेटर वा डोजरको प्रयोग गरि उत्खनन् गर्न पाउने छैन भनेर उल्लेख गरिएको छ।’

‘खुट्टी र सरायु खोलाको संगमस्थलदेखि उत्तरतर्फ विभिन्न वफर जोन नेपाल सरकारले संरक्षित क्षेत्र भनेर घोषणा गरेको छ’, उनले भनिन्, ‘त्यसमा समेत चाइना रेलवे टु कम्पनीले गैह्रकानूनी रुपमा डोजर र स्काभेटरको प्रयोग गरि उत्खनन् गरेको राष्ट्रिय मिडियामा समाचार आएका छन्।’

‘२०८१ मंसिर ३ गते सर्वोच्च अदालतमा रिट समेत दर्ता भएको छ। चिनियाँ नागरिक गैह्रकानूनी रुपमा उत्खनन् गरेको अभियोगमा पक्राउ परेका छन्’, सांसद चौधरीले भनिन्, ‘तैपनि सम्बन्धितनिकायको ध्यानाकर्षण भएको छैन।’

उनले भनेकी छिन्, ‘नेपाल अहिले क्लाइमेट चेञ्जका लागि विश्वस्तरमा आवाज उठाइरहेको छ। हाम्रा हिमनदीमा प्रतिकूल असर परेकोमा चिन्तित छौँ। हाम्रो चिन्ता जायज पनि छ। सम्वेदनशील पर्वत चुरे रहेको छ।’

‘पूर्वदेखि पश्चिमसम्म ८ सय किलोमिटरमा तन्किएको यो क्षेत्रले देशको १३ प्रतिशत भू-भाग ओगटेको छ। यो भागमा आधी जनसंख्या बसेको छ’, उनले भनिन्।

‘मधेशका अधिकांश जनताको लागि खानेपानीको मुख्यमाध्यम भनेको चापाकल नै रहेको छ। जसको मुख्य स्रोत भनेको जमीनमुनिको पानी हो’, सांसद चौधरीले भनिन्, ‘पहिला ३०/४० फिटमा पानी आउँथ्यो। अहिले ३ सय फिटमा पनि आउन सक्दैन। चुरेको रिचार्ज सिस्टम नै ध्वस्त भइसकेको छ।’

# समझदारी पत्रमा हस्ताक्षर

**टुडे समाचारदाता**

काठमाण्डु। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नारायणचौर, काठमाडौं स्थित वात्सल्य नेचुरल IVF बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइलबैंकिङ्ग ग्राहकहरूले वात्सल्य नेचुरल IVF मा १० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।



डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

विश्वकै प्रतिष्ठित अवार्ड ’बैंक अफ द ईयर २०२४’को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक “सिटिजन्स फोनपे क्रेडिट कार्ड ”९भर्चुअलक्रेडिट कार्ड० सञ्चालनमा ल्याएको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र ऋच्ल नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ।

सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९८ वटा शाखा, १६३ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १८ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# विदेशी पर्यटकको भाडा सम्बन्धमा सर्बोच्चको कारण देखाउ आदेश

**टुडे समाचारदाता**

काठमाण्डु। विदेशी पर्यटकहरुलाई हवाई कम्पनीहरुले चौगुणा भाडा थोपरेर लुट मच्चाईरहेको विषयमा सर्बोच्च अदालतले सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको छ।

बुधबार राजधानीको संवाद डबलीमा नवल सिंह रावल फाउण्डेसनले पत्रकार सम्मेलनको आयोजना गरी आदालतले राष्ट्रिय चासोको विषयमा सकारात्मक पहल लिएकोमा खुसि व्यक्त गर्दै सो जानकारीसमेत दिएको छ।

फाउण्डेसनका अध्यक्ष तपेन्द्र रावलले नेपाल सरकार र सारोकारवाला पक्षहरुलाई वर्षौंदेखि ध्यानाकर्षण गराउँदा पनि नसुनेपछि अदालत जानु परेको र अदालतले सो विषयलाई सकारात्मक दिशामा अघि बढाएकोमा हर्षित भएको बताए।

रावलले विगत २ वर्षदेखि अदालतमा कानुनी लडाई लड्दै आएको जनाउँदै भने,“विभिन्न नियकायहरुलाई ध्यानाकर्षण गराउँदा कसैले सुनेन्, त्यसैले अदालतको ढोका ढक्ढकाउन बाध्य भएँ, अब अदालतले सकारात्मक बाटो देखाएको छ।” सुरुमा सर्बोच्च अदालतमै मुद्दा हाल्दा तत्कालिन्, न्यायाधिश अनिल कुमार सिन्हाको एकल इजलाशले सो मुद्धालाई खारेज गरेको बताउँदै भने,“अघिल्लो समयमा राम्रो नबुझी पूर्वाग्रही ढंगले खारेज गरियो त्यसपछि निराश भएँ, तर हार खाइन।”



हालै माघ २२ गते न्यायाधीश बालकृष्ण ढकालको एकल इजलाशले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार, संस्कृति, पर्याटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण बबरमहल, नेपाल पर्यटन बोर्ड भृकुटीमण्डप, राष्ट्रिय सूचना आयोगका नाममा १५ दिने कारण देखाउ आदेश जारि गरेको रावलले बताए। अध्यक्ष रावलले अदालत जानु पूर्व नेपाल सरकार, पधानमन्त्री, पर्यटनमन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री तथा पर्यटनमन्त्री, राजनीतिक दल, पर्यटनसँग सरोकार राख्ने संघसंस्थाका प्रमुख तथा प्रतिनीधी सबैलाई प्रमाणसहित भेट तथा निवेदन गर्दा कसैले नसुनेको आरोपसमेत लगाए।

उनिहरुले विषय सकारात्मक भएको बताए पनि यो विषय नितान्त व्यक्तिगत तथा निजी भएको जस्तैः ब्यवहार गरेको बताउँदै भने,“विदेशी पर्यटकहरुलाई नेपाल भित्राएर देशको समृद्धी तथा आर्थिक पाटोलाई मजबुत बनाउने कुरामा किन कसैको चासो भएन ? अचम्म लाग्छ।”रासस

# नेपाल र भारतबीच अन्तरदेशीय प्रसारण लाईन निर्माणको ‘मोडालिटी’मा सहमती

काठमाण्डु। नेपाल र भारतबीच अन्तरदेशीय प्रसारण लाइन निर्माणको मोडालिटीमा सहमति भएको छ। नेपालबाट भारत र बङ्गलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारण लाइन निर्माणका लागि भारतको नयाँदिल्लीमा मंगलवार भएको नेपाल र भारतबीच सचिव स्तरीय बैठकमा प्रसारण लाइन निर्माण ‘ मोडालिटी’बारे सहमती भएको हो।

नेपाल र भारतबीच भएको सचिवस्तरिय बैठकमा नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य र भारतको विद्युत् मन्त्रालयका सचिव पंकज अग्रवालले सहमति पत्रमा हस्ताक्षर गर्नुभएको छ। दुई देशको सचिवस्तरीय वार्ता र सहमतिसँगै अब प्रसारण लाइन निर्माणको प्रक्रिया अगाडि बढ्नेछ।

यसअघि गत कात्तिक १८ देखि २१ गतेसम्म उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारत भ्रमणका क्रममा अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि भारत सरकारका मन्त्रीहरूसँग छलफल गर्नुभएको थियो। सोही भेटमा मन्त्री खड्काले भारतले १० वर्षमा १० हजार मेगावाट विद्युत् खरीद सम्झौता गरिसकेको भन्दै उक्त विद्युत् आपूर्तिका लागि प्रसारण लाइन निर्माणको कामलाई द्रुत गतिमा बढाउनुपर्ने बताउनुभएको थियो।



उक्त भेटसँगै प्रसारण लाइन निर्माणलाई अगाडि बढाउन यहि माघ ९ गते नेपाल र भारतका उर्जा सहसचिवस्तरिय कार्यदलको १२ औं बैठक बसेको थियो। उक्त बैठकमामा अन्तरदेशीय प्रसारण लाइन निर्माण हुने र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमती भएको थियो। सोही सहमती दुई देशबीचका सचिवस्तरीय बैठकले अनुमोदन गरेको छ।

सहसचिवस्तरिय बैठकमा नेपाल र भारतबीचको मौजुदा विद्युत् प्रसारण लाइन, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइन, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजना तथा सम्बद्ध प्रसारण लाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात-निर्यातका विषयमा छलफल भएको थियो।

सचिवस्तरिय बैठकमा नेपालको इनरुवादेखि भारतको पूर्णिया र नेपालको दोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारण लाइन निर्माण कार्य सन् २०३० सम्म सम्पन्न गर्ने सहमती भएको छ। उक्त प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन लिमिटेडको सेयर स्वामित्व रहने गरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुनेछ।

दुई देशबीचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने छ। दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत सेयर स्वामित्व अर्को देशको रहने व्यवस्था गरिएको छ।

यसैगरी चमेलिया-जौलजीवी २२० केभी डबल सर्किट प्रसारण लाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमती भएको छ। रासस


# युवा सङ्घ नेपालको महाधिवेशन वैशाखमा

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट राष्ट्रिय युवा सङ्घ नेपालले १० औँ राष्ट्रिय महाधिवेशन आगामी वैशाखमा गर्ने भएको छ।

युवा सङ्घका महासचिव सुमन पुरीले बुधवार मातहतका जिल्ला कमिटीलाई यही माघ १३ गते बसेको केन्द्रीय कमिटी बैठकले गरेका निर्णय जानकारी गराउँदै वैशाखको अन्तिममा महाधिवेशन गर्ने निर्णय भएसँगै आवश्यक तयारी र समन्वय गर्न आग्रह गर्नुभयो। एमालेले आफ्नो भ्रातृसङ्गठनको महाधिवेशन यही चैत मसान्तभित्र सम्पन्न गर्न निर्देशन दिएको छ।

उहाँले महाधिवेशन गर्नका लागि युवा सङ्घले आगामी फागुन मसान्तभित्र जिल्ला अधिवेशन सम्पन्न गर्न निर्देशन दिइएको जानकारी दिनुभयो। जिल्ला अधिवेशन समयमा सम्पन्न नगरे जिल्ला इञ्चार्जको नेतृत्वमा अधिवेशन गरिने महासचिव पुरीले बताउनुभयो। उहाँका अनुसार सङ्घले तीन जनालाई सचिवमा मनोनयन गर्ने निर्णयसमेत गरेको छ।

चालीस वर्ष उमेर पुगेका स्वतः सङ्घको कार्यसमितिबाट हट्ने भएकाले तीन सचिव, एक जना सचिवालय र चार जनालाई स्थायी कमिटीमा मनोनयन गर्ने निर्णय गरेको महासचिव पुरीले जानकारी दिनुभयो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जसपा नेपालको निर्णय सकारात्मक

जनता समाजवादी पार्टी(जसपा)नेपालले अध्यादेशको पक्ष र विपक्षमा निर्णय लिएको छ । सरकारले संसदमा दर्ता गरेको ६ वटा अध्यादेश मध्ये जसपा नेपालले ५ वटालाई पारित गर्न समर्थन गर्ने निर्णय गरेको छ । एउटा भूमि व्यवस्था सम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने निर्णय गरेको छ । जसपा नेपालले अध्यादेशलाई समर्थन नगरे राष्ट्रिय सभाबाट पारित हुन सक्ने सम्भावना कमजोर भएको छ । सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेश समग्रमा राष्ट्रको हितमा छैन । सरकारले सरकारी, ऐलानी, वन क्षेत्र, श्मसानघाट, नदीलगायतका जग्गाहरु व्यक्तिलाई दिने गरी अध्यादेश ल्याएको छ । यसले मधेशलाई मात्र नभइ समष्टिगत रुपमा देशलाई नै दीर्घकालीन रुपमा अहित गर्नेछ । सरकारले सुकुम्बासीलाई जग्गा उपलब्ध गराउनु आवश्यक छ । राज्यले नागरिकलाई भूमिहन राख्न हुँदैन । तर त्यसका लागि देशलाई नै मरुभुमि बनाउने कार्य पनि गर्न हुँदैन । सुकुम्बासी समस्या नेपालमा नौलो होइन । लामो समयदेखि सुकुम्बासी समस्या छ । २०४६ सालपछि सुकुम्बासी समस्या समाधान गर्न देशमा कयौं आयोग, समितिहरु गठन भइसकेका छन् । सुकुम्बासीहरुलाई लालपुर्जा पनि वितरण गरिएको छ । तर समस्या समाधान हुन सकिरहेको छैन । सुकुम्बासीहरुलाई सरकारले विगतमा जग्गा उपलब्ध गराए पनि त्यो अरुले नै भोग गरिरहेको भेटिन्छ । सरकारले उपलब्ध गराएको जग्गा अरुलाई बिक्री गरी फेरि सुकुम्बासी हुनुपर्ने बाध्यतालाई सरकारले समाप्त गर्नुपर्छ । देशमा कयौं प्रकारका सुकुम्बासी देखिएका छन् । घर बनाउने जग्गा समेत नभएको, मजदुरी गरेर जिवकोपार्जन गर्ने तर एकै ठाउँमा बसोबास गरिरहेका सुकुम्बासीको नाममा पुर्जा हुन आवश्यक छ । एउटा गाउँमा जग्गा आमाबुवाको नाममा रहेको, अन्य राम्रा व्यवसाय र जागिर गर्नेहरु पनि भूमिहिन भएर महँगा जग्गाहरुमा भवन बनाएर सुकुम्बासी बताउनेहरु छन् । यस्ता अनेक समस्याहरु छन् । सरकारले भूमिसम्बन्धी अध्यादेश ल्याएर भूमाफियालाई संरक्षण गर्ने, वन जंगलहरु बेच्ने, मसानघाटलगायतका सार्वजनिक स्थलहरुमा बस्ती बसाउने कार्यले दीर्घकालमा देशलाई ठूलो क्षति हुनेछ । तराई/मधेश मरुभुमि बन्नेछ । चुरे विनासको गम्भीर असर तराई मधेशमा परेको छ । पानीको सतह निकै तल गएकोले पिउने पानीको ठूलो समस्या आइपरेको छ । सिचाइँका लागि पानी नभएर तराई मधेशमा अन्नको उब्जनी निकै घटेको छ । धान चामल निर्यात कम्पनी भएको देशमा अन्न अयात गर्नुपर्ने लाजमर्दो अवस्था आएको छ । जसपा नेपालले भूमि सम्बन्धी अध्यादेशलाई रोक्न गरेको प्रयास सकारात्मक छ । सत्तामा रहेका मधेश केन्द्रित लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपाल, जनमत, जनता समाजवादी पार्टीले पनि भूमि सम्बन्धी अध्यादेशको विरोध गर्न सक्नुपर्छ । सत्तालोभमा परेर मधेश डुबाउने काम गर्ने दललाई जनताले पाठ सिकाउने छन् ।

# महाकुम्भ : कति आस्था, कति पर्यटन ?



केशव दाहाल

आजको मेरो लेख हुनेछ महाकुम्भमाथि । त्यसपछि हुनेछ थोरै मान्छेको आस्थामाथि, थोरै सभ्यताको प्रवर्द्धन र पर्यटनमाथि । नझुक्किनु होला, यो कुनै धार्मिक लेख हैन । यो लेख स्वर्ग र नर्कसँग पनि सम्बन्धित छैन ।

मान्छे मरेपछि कहाँ जान्छ ? मलाई थाहा छैन । नत मलाई नर्कको बारेमा धेरै कुरा थाहा छ, नत स्वर्गको बारेमा । तर, मलाई यति थाहा छ, संसारमा आस्थाको एउटा विशाल संसार छ र त्यो छ निकै गजब ।

यो यस्तो संसार हो, जो प्रमाणमा हैन, विश्वासमा टिकेको छ । विज्ञानमा हैन, आराधनामा टिकेको छ । त्यो यस्तो विश्वास र आराधना हो, जसले मानव सभ्यतामा अनेक रहस्य र रोमाञ्चकता निर्माण गरिदिएको छ । अर्थात, बनाएको छ जीवनभन्दा अलग मनको संसार । आत्मतृप्तिको संसार । आस्था, साधना र रोमाञ्चकताको एक अलौकिक संसार । त्यही अलौकिक संसारको एउटा चित्र हो- महाकुम्भ ।

यो लेख लेखिरहँदा, प्रारम्भमै मैले भनैं स्वर्ग र नर्कलाई म विश्वास गर्दिन । तर, मलाई लाग्छ, मान्छेसँग भौतिक संसारभन्दा पर कल्पनाको अर्को एउटा संसार पनि हुन्छ र मान्छे त्यसमा आआफ्नै पाराले विचरण गर्न पाउनुपर्छ ।

तर, त्यसको एउटा सर्त छ । त्यो के भने, आफ्नो आस्थाको संसारमा रमाइरहँदा मान्छेले अरुको आस्थालाई भने हानी गर्नु हुँदैन, नत घृणा नै गर्न हुन्छ । अन्यथा त्यो हिंसा हुन्छ । त्यो पाखण्ड हुन्छ । निश्चय नै हामीले मान्छेको धर्मलाई सम्मान गर्नुपर्छ । अध्यात्मलाई सम्मान गर्नुपर्छ । तर, धर्मको नाममा कसैले अरुलाई अपमान गर्छ भने, त्यो पाखण्ड हुन्छ र त्यसलाई अस्वीकार गर्नुपर्छ ।

म ठान्दछु, मान्छे नैतिक, पवित्र र करुणाले भरिपूर्ण हुनुपर्छ ।

चाहे व्यक्ति होस् वा समाज, चाहे राजनीति होस् या धर्म, पाखण्ड सदैव त्याज्य हुन्छ । तर, कल्पनाको त्यो अलौकिक संसारमा कतै मानवीय सुगन्ध छ भने त्यो सम्मानयोग्य हुन्छ । यद्यपि, म ठान्दछु मान्छेले मरेपछि मुक्ति पाइने धर्म हैन, यही जीवनलाई सत्मार्ग देखाउने धर्मको पक्ष लिनुपर्छ ।

म स्वयं भने, धर्मका नाममा हुने घृणा, विभाजन र शोषणविरुद्ध, धर्मद्वारा प्रवर्द्धन गरिने करुणा, प्रेम र सद्भावको पक्षमा छु । मेरा लागि धर्म र अध्यात्म जीवनको एक अद्भूत क्रिया हो । मेरा लागि धर्म र अध्यात्म राजनीति होइन, कलापूर्ण जीवनको एक अलौकिक साधना हो ।

### के हो महाकुम्भ ?

अबलाई, थोरै महाकुम्भमाथि चर्चा गरौँ । सबैलाई थाहा छ, प्रयागराज (इलाहावाद) मा अहिले महाकुम्भ चलिरहेको छ । जसलाई १४४ वर्षपछिको विशेष धार्मिक महोत्सव भनिन्छ । सन् ०२५ जनवरी, १३ देखि प्रारम्भ भएको महाकुम्भ फेब्रुअरी २६ मा सकिने छ । ४५ दिन चल्ने छ यो धार्मिक महोत्सवको खास विशेषता के भने यो विश्वकै सबैभन्दा ठूलो मानव जमघट भनिएको छ ।

समाचारअनुसार, महाकुम्भमा पहिलो दिन मात्रै करिब डेढ करोड मानिसले स्नान गरेका थिए ।

यो पटकको महाकुम्भमा ४० करोड मान्छे आउने अनुमान गरिएको छ । जब यो समाचार सुनेँ, म आश्चर्यमा परेँ । एउटा धार्मिक साधनामा ४० करोड मान्छे जम्मा हुन्छन् कसरी ? केले प्रयागराज आउन उत्प्रेरित गर्छ मान्छेलाई ? र, यो विचित्रको धार्मिक उत्सव आयोजन हुन्छ कसरी ?

महाकुम्भमाथिका चर्चा, लेख र वृत्तचित्र हेर्दै गर्दा मैले देखेँ, यो कसैका लागि धार्मिक यज्ञ वा साधना थियो, कसैका लागी थियो परत्र सुधार्ने महान उपक्रम । कोही गङ्गास्नान गरेर स्वर्गमा आफ्नो स्थान सुरक्षित गर्न चाहन्थे, कोही आफूले गरेका पाप पखालेर पवित्र हुन चाहन्थे ।

यो यस्तो उत्सव थियो जहाँ पुगेर नागा बाबा, साधु र सन्यासीहरू आफ्नो लिला देखाउन चाहन्थे भने ज्ञानी र ध्यानीहरू मोक्षको खोजी गर्न चाहन्थे । भारत सरकारका लागी यो थियो आफ्नो 'सफ्ट पावर' को प्रदर्शन र पार्टीहरूका लागि थियो राजनीति । साधारण स्थानीयका लागि थियो यो विशाल पर्यटन उत्सव ।

मेरो लागि यो के थियो ? जब मैले यसलाई परैबाट नियालेँ मानव सभ्यतालाई उद्वेलित गर्ने यो विशाल परिघटना देखेर मेरो मन रोमाञ्चित भयो । नदी, मान्छे र त्यसभित्र निहित अलौकिक सम्बन्ध देखेर म गद्गद् भएँ ।

मान्छेको विशाल पङ्क्ति जसरी कुम्भमा एकत्रित थियो, त्योसँगै एकीकृत थियो पूर्वीय सभ्यताको अनौठो परिघटना, कथा वा किम्वदन्ती जस्तो । के होला मान्छेलाई एकीकृत गर्ने त्यो डोरी ? त्यो विश्वास (अन्धविश्वास) के होला ? मनमा प्रश्न त आए । तर, म विश्वास र अन्धविश्वासको नापजोखमा लागिन । मात्र एक साक्षी भावले टाढैबाट महाकुम्भलाई हेरेँ ।

मलाई लाग्यो, हाम्रो सभ्यताले रचना गरेको जिउने एक अद्भूत कला हो- महाकुम्भ ।

कसरी सुरु भयो होला यो महाभेला ? थोरै शब्दार्थ र किम्वदन्तीमा जाँऊ । जस्तो 'कुम्भ' को शाब्दिक अर्थ हो "घडा" । र, यहाँ उल्लेखित घडा त्यही अमृत घडा हो, जो समुद्र मन्थनपछि प्राप्त अमृतले भरिएको थियो ।

यसका दुईवटा किम्वदन्ती छन् । त्यसमध्येको एउटा यस्तो छ । कुनै समय देवता र दैत्यबीच अनेक युद्ध हुन्थे । र, युद्धमा छलबल गरेरै सही प्रायः विजयी हुन्थे देवताहरू । एकपटक महर्षि दुर्वासाको श्रापले जब इन्द्रसहितका देवता कमजोर भए, त्यसै मौकामा दैत्यहरूले आक्रमण गरे । परिणाम देवताहरू परास्त भए ।

जब देवता परास्त भए, देवलोकमा हाहाकार मच्चियो । त्राहि त्राहि भएका देवगण सहयोग माग्न भगवान विष्णुसँग पुगे । भगवान विष्णुले सुझाव दिए कि दैत्यसँग मिलेर क्षीरसागर मन्थन गरी अमृत निकाल । त्यो अमृतमा मृत्युञ्जय शक्ति हुनेछ । र, त्यसलाई पिएपछि देवताहरू अमर हुनेछन् ।

भगवान विष्णुको सल्लाहअनुसार देवता र दैत्यले मिलेर समुद्रमन्थन गरे । समुद्रबाट अमृत निस्कियो । त्यो अमृत कुम्भमा (घडा) भरियो । जब अमृत पहिले कसले पिउने भन्ने हानाथाप सुरु भयो, दैत्यराज बलीको एक सैनिक स्वरभानु घडा खोसेर आकाशतर्फ उड्यो ।



देवराज इन्द्रका छोरा जयन्तसँग पनि आकाशमा उड्ने क्षमता थियो । इन्द्रले जयन्तलाई स्वरभानुबाट अमृत खोस्न आदेश दिए । आकाशमा स्वरभानु र जयन्तबीच घडा खोसाखोस हुँदा ४ स्थानमा अमृतको थोपा चुहियो । र, ती ४ स्थानमा कुम्भ स्नान गर्ने प्रचलन प्रारम्भ भयो । ती चार स्थान थिए, भारतको हरिद्वार, तीर्थराज प्रयाग, अवन्तिकापुरी र गोदावरी तट । जसलाई आज प्रयागराज, हरिद्वार, उज्जैन र नासिक भनिन्छ ।

शास्त्रअनुसार अमृत प्राप्तिका लागि भएको त्यो युद्ध १२ देव वर्ष चल्यो । त्यसैको सङ्केतमा १२ वटा कुम्भ निर्धारण भए । सनातन धर्मशास्त्रअनुसार, १२ कुम्भ मध्ये, चार कुम्भ पृथ्वीमा र आठ कुम्भ देवलोकमा मनाउन थालियो ।

तर, यो कथनलाई बराहक्षेत्र चतराका जगतगुरु बालसन्तले थोरै संशोधन गरी पृथ्वीमा चार हैन, पाँच कुम्भ आयोजना हुने मतलाई प्रवर्द्धन गरिरहेका छन् । उनको अभिमत छ कि, प्रयागराज, हरिद्वार, उज्जैन र नासिकमा मात्र हैन, नेपालमा पनि एक कुम्भ आयोजना हुन्छ । र, त्यो स्थान हो, सप्तकोशीको बराहक्षेत्र ।

उनले श्रीमद्स्कन्द महापुराणको हिमाद्रि खण्डको (अध्याय १२, श्लोक संख्या ३४ देखि ३८ सम्म) व्याख्या गर्दै भनेका छन्- जब भगवान् विष्णुले मोहिनीरूप धारण गरेर देवतालाई अमृत बाँड्न लागे, उनले अमृतघडामा ढपक्क छाली (तर) लागेको देखे ।

अमृतको छाली देखेर भगवान विष्णु लोभिए । र, त्यसलाई शिवलिङ्ग बनाएर उनले एक महिनासम्म कौशिकीमा (सप्तकोशीमा) कुम्भ स्नानगर्दै पूजा अर्चना गरे । एक महिनापछि उनले रुद्राक्षत्र वनको मध्यभागमा त्यो शिवलिङ्ग स्थापित गरिदिए । त्यो ठाँउ थियो धरानको पिण्डेश्वर धाम ।

बालसन्तकाअनुसार, भगवान विष्णुले कुम्भस्नान गरेको त्यो स्थान थियो कौशिकी नदी, बराहक्षेत्र चतरा । यही किम्वदन्तीलाई आधारमानेर विसं. २०५९ साल वैशाख १ गतेदेखि प्रत्येक १२ वर्षमा एकपटक नेपालमा पनि कुम्भ लगाउन सुरु गरियो ।

ज्योतिषीय गणनाअनुसार जब सूर्य र चन्द्रमा मकर राशिमा र बृहस्पति वृषभ राशिमा प्रवेश गर्छन् तब कुम्भ सुरु हुन्छ । शास्त्रीय मतअनुसार, कुम्भको समय ग्रहहरू जुन स्थितिमा आउँछन् यो बेला गङ्गाको (सप्तकोशीको पनि) जल स्वयं अमृतमय हुन्छ । जसमा स्नानगर्दा मान्छेको तनमन शुद्ध हुन्छ । यही शुद्धिकरणको लोभ र मोक्षका लागि करोडौं श्रद्धालु कुम्भमा आउँछन् ।

कुम्भ मेलाको प्रचलन १० हजार वर्षअघि सुरु भएको ठानिन्छ । कतिपयले कुम्भ मेला प्रारम्भको जस ८ औं शताब्दीका आदी शङ्कराचार्यलाई दिन्छन् । आदि शङ्कराचार्यले अद्वैत वेदान्तको दर्शनसहित हिन्दुत्व जागरण अभियान सुरु गरेका थिए ।

कतिपय मान्छेहरू यसलाई अन्धविश्वासको मेला ठान्दछन् । त्यही अन्धविश्वास र अव्यवस्थाका कारण कतिपय मान्छेहरू यहाँ अनेक दुर्घटनामा पर्दछन् र मर्दछन् । तर, कोही भन्छन् यो विश्वास र अन्धविश्वासभन्दा माथि हाम्रो सभ्यताको लहर हो । यो यस्तो लहर हो जसले विचित्रको सम्मोहन निर्माण गर्दछ र मान्छेलाई बाँच्ने एक सात्विक कला सिकाउँछ ।

### रोचक कुरा:

कुम्भ तीन प्रकारका छन् । हरेक ६ वर्षमा आउने अर्धकुम्भ । हरेक १२ वर्षमा आउने पूर्णकुम्भ । र, हरेक १४४ वर्षमा आउने महाकुम्भ । यो पटक प्रयागराजमा जुन कुम्भ भइरहेको छ, यो महाकुम्भ हो । तथ्यहरूले भन्छन् - यस अधिको महाकुम्भ सन् १८८२ मा आयोजना भएको थियो ।

यो वर्ष, भारत उत्तरप्रदेशको प्रयागराजमा जहाँ महाकुम्भ भइरहेको छ, त्यो पवित्र नदीहरू गङ्गा, यमुना र सरस्वती (सरस्वती चै विलुप्त भएकी छन्) को सङ्गम हो । हिन्दु किम्वदन्तीअनुसार यहाँ सृष्टिकर्ता ब्रह्माले धर्तीको पहिलो यज्ञ गरेका थिए ।

### कस्तो छ महाकुम्भको आयोजना ?

महाकुम्भको आयोजना आफैँमा विशाल छ । यस्तो लाग्छ, यो मानव सभ्यताको सर्वाधिक ठुलो यज्ञ हो । जहाँ आउनका लागि भारत सरकारले थप ९८ रेल सेवा सञ्चालन गरेको छ । जसले मेला अवधिमा ३३०० पटक यात्रा गर्नेछन् ।

भारतीय सञ्चारमाध्यमहरू भन्छन् - यसपटक महाकुम्भमा झन्डै ४० करोड मानिस सहभागी हुने अपेक्षा गरिएको छ । युनेस्कोले समेत यसलाई सांस्कृतिक सम्पदाको मान्यता दिएको छ । र, यो मानव सागरलाई अन्तरिक्षबाट पनि देख्न सकिन्छ ।

कुम्भमा नागा साधुहरूले चिसो पानीमा डुबुल्की मारिरहेको दृश्य निकै चाखलाग्दो हुन्छ । सयपत्रीको माला घाँटीमा लगाएका उनीहरू त्रिशूल, तरबार र डमरु बोकेर लामबद्ध हुँदै हिंडेको दृष्य दर्शकहरूका लागि निकै रोमाञ्चक लाग्छ ।

नाङ्गा साधुहरूले खास खास साइतमा गर्ने स्नानलाई 'शाहीस्नान' भनिन्छ ।

भव्यतम कुरा के छ भने, तीर्थालु र पर्यटकका लागि नदी सङ्गमका आसपासमा ४ हजार हेक्टर क्षेत्रफलमा "पालको शहर" बनाइएको छ । जहाँ झण्डै एक लाख ६० हजार पाल टाँगिएका छन् । ६५० मिटर लामो अस्थायी बाटो निर्माण गरिएको छ । झन्डै २०० वटा सडक फराकिलो पारिएको छ ।

महाकुम्भ र त्यस क्षेत्रको सुरक्षाका लागि त्यहाँ ४० हजार सुरक्षाकर्मी तैनाथ गरिएको छ । यो लगभग एउटा सानो देशको सुरक्षा व्यवस्था बराबर हो । यसैगरी, प्रयागराजमा १५ हजार सफाइ कर्मचारी क्रियाशील छन् । स्नान क्षेत्रमा ३०० गोताखोर परिचालन गरिएको छ ।

समाचार श्रोतकाअनुसार, एक पटकमा ५ लाख सवारी साधन अट्ने ९९ वटा पार्किङ क्षेत्र बनाइएको छ । यसैगरी कुम्भ स्नानका लागी ३० वटा पन्टून पुल (नाउहरूमाथि बनाइएको विशेष पुल) तयार गरिएको छ । १ लाख ५० हजार शौचालय र २५ हजार फोहोरदानी ठाँउमा राखिएका छन् ।

महाकुम्भ क्षेत्रलाई उज्यालो र झकिझकाउ बनाउन ६७ हजार वटा स्ट्रिटलाइट जडान गरिएको छ । पिउनका लागि २०० वटा पानीका मेसिन जडान छन् ।

सरकारले कुम्भमेलाका लागि ७० अर्ब भारतीय रुपैयाँ खर्च गरेको बताइन्छ । स्थानीय सञ्चारमाध्यमका अनुसार यो मेलाबाट उत्तर प्रदेश राज्य सरकारले २५० अर्ब भारतीय रुपैयाँजति राजस्व सङ्कलन गर्ने छ । र, अनौपचारिक रूपमा झण्डै एकहजार अर्बको कारोबार हुनेछ ।

सजिलोगरी हिसाब गर्दा महाकुम्भका सहभागी हुने ४० करोड मान्छेले २ हजार लगभग (यात्रा, खाना, आवास, भेटी, किनमेल) मात्र खर्च गरेभने पनि त्यो ८ खर्ब हुन्छ । यसले झण्डै दश लाख मान्छेलाई प्रत्यक्ष, अप्रत्यक्ष रोजगारी दिएको बताइन्छ ।

यद्यपि, त्यहाँ जे भइरहेको छ, त्यसलाई नियालेर हेर्दा, कुम्भ धार्मिक पर्वमात्र देखिँदैन । अवश्यै यो धार्मिक र शास्त्रीय मेला हो । तर, सँगै यो भारतका लागि 'सफ्ट पावर' राजनीति हो । जहाँ संसारभरका हिन्दु आउँछन् । स्नान गर्दछन् । केही पैसा चढाउँछन् । आफ्नो आस्थाको मुस्कान छर्दै फर्किन्छन् ।

यो सबै गरिरहँदा, भारतभित्र र बाहिर भारत वर्षको एक विशिष्ट मनोविज्ञान र अपनत्व निर्माण हुन्छ र प्रबल हुँदै जान्छ । जो भारत र मोदी सरकार त्यही चाहिरहेको छ । तर, यो त्यतिमात्र हैन, यो धार्मिक पर्यटनको एक अद्भूत उदाहरण हो ।

### नेपालको कुरा

अव सोचौँ, के नेपालमा पनि कुम्भजस्तै कुनै विशेष सांस्कृतिक उत्सव आयोजना गर्न सम्भव छ ? अवश्य नै हामी धर्मनिरपेक्ष हौँ । भारत पनि धर्मनिरपेक्ष हो । अमेरिका पनि धर्मनिरपेक्ष हो र युरोप पनि । म स्वयं पनि राज्यको कुनै धर्म हुँदैन भन्नेमा विश्वास गर्छु । पार्टीहरूले धर्मको राजनीति गर्न हुँदैन भन्नेमा मेरो अटल मत छ ।

तर, धर्मभन्दा पर हाम्रो मौलिक संस्कृति र सभ्यता छ । आर्य, किरात र बौद्ध दर्शन र अभ्यासबाट पल्लवित सभ्यता । जसले राज्यको एक मौलिक चरित्र निर्माण गर्दछ र हामीलाई अरुभन्दा भिन्न बनाउँछ । त्यसैले नै हामी अमेरिकनभन्दा फरक छौँ, युरोपियनभन्दा फरक छौँ र हामी मौलिक छौँ । यसर्थ नै, हाम्रो सभ्यता, सामाजिक मनोविज्ञान, जीवनपद्धति र बनोट फरक छ ।

जगजाहेर छ कि हरेक सभ्यताका आफ्नै शास्त्र, कथा र किम्वदन्ती हुन्छन् । हरेक सभ्यताका आफ्नै जीवनपद्धति हुन्छन् । त्यसैले त हामी जतिसुकै धर्मनिरपेक्ष भएपनि अमेरिकन जस्तो हुदैनौँ र उनीहरु जतिसुकै धर्मनिरपेक्ष भएपनि हामी जस्तो हुँदैनन् । युरोपियन, अरबियन वा अफ्रिकनमा पनि यही कुरा लागू हुन्छ ।

हाम्रो सामाजिक बनोट र चरित्रमा किरात, बौद्ध र सनातन वैदिक सभ्यताको गहिरो प्रभाव छ । यी तीन चिज हाम्रा लागि यति धेरै महत्त्वपूर्ण छन्, जसले हामीलाई धर्मनिरपेक्ष, उदार र एकीकृत हुन प्रेरित गर्दछन् । कट्टर हुन हैन, उदार हुन । र, त्यसैको एकत्वबाट देश, समाज र व्यक्ति स्वयंको एकत्व निर्माण भएको छ ।

यसरी हेर्दा, आजका दिनमा हाम्रो किरात, बौद्ध, सनातन वैदिक सभ्यता र धर्म पाप र पुण्यभन्दा माथि (स्वर्ग र नर्कभन्दा पर) जीवनपद्धति भएको छ । र, पछिल्लो समय यो भएको छ आफ्नो सभ्यता देखाउने (धार्मिक सांस्कृतिकसहित) पर्यटनको एक विशाल अवसर ।

यो यसकारणले अवसर हो कि, आजका दिनमा संसारभर धार्मिक पर्यटन चलेको छ । जस्तो उता भ्याटिकन सिटी यात्रा गर्न चाहनेहरू, मक्का र मदिना पुग्न चाहनेहरू र यता मुन्धुमको (मुन्दुम) गीत गाउनेहरू, लुम्बिनीको माटोलाई छुन चाहनेहरू, पशुपतिको दर्शन गर्न चाहनेहरू, सप्तकोशी र पवित्र गङ्गामा स्नान गर्न चाहनेहरू जताततै भेटिन्छन् । तीमध्ये केहीमान्छे यस्ता छन् जो हाम्रो सभ्यतालाई माया गर्दछन् । जसलाई नेपाल ल्याउन सकिन्छ र उनीहरूबाट अर्थोपार्जन पनि सम्भव छ ।

सोचौँ त संसारका करोडौँ बौद्धमार्गीमध्ये केही करोडलाई कसरी लुम्बिनी ल्याउने होला ? संसारका प्रकृति पुजकलाई हाम्रो मुन्धुम (मुन्दुम) ट्रेलको यात्रा गराई जीवनको अलौकिक रङ्गसँग साक्षात्कार गराउने कसरी होला ? अथवा, हाम्रा स्वर्गद्वारी, पशुपति, बराहक्षेत्रको पवित्रतासँग मान्छेलाई जोड्ने कसरी होला ?

अलिक उदार भएर सोच्ने हो भने, यसो गर्नु अन्धविश्वासको प्रचार होइन्, हाम्रो सभ्यताको प्रवर्द्धन हो । यसो गर्नु हिमवत् खण्डको अलौकिक अस्तित्वको प्रवर्द्धन हो । किनभने, हामीसँग देखाउनलाई हिमाल त छ नै, मौलिक सभ्यता पनि त छ ।

विचार गरौँ त वर्षमा थप केही करोड मान्छे पर्यटनका लागी लुम्बिनी, पशुपति, स्वर्गद्वारी आए या मुन्दुम ट्रेलमा हिँडे भने ? त्यसले सृजना गर्ने रोजगारी । त्यसले चल्ने होटल । त्यसले चलायमान बनाउने अर्थतन्त्र । त्यसले सृजना गर्ने अवसर र आत्मविश्वास । अवश्य नै यो गजब हुनसक्छ ।

अतः समृद्धिको कुरागर्दा धार्मिक तथा सांस्कृतिक पर्यटनलाई नभुलौँ । यो बरदान हुनसक्छ ।

# 'महाकुम्भबाट नेपाल पनि लाभान्वित हुनसक्छ'

कमलकुमार बस्नेत



यमुना र गङ्गा नदी मिसिएको दोभानमा स्नान गर्न पाउँदाको खुसी भक्तजनको मुहारमा प्रष्ट देखिन्छ । टाढाटाढाबाट आएका उनीहरूको शरीर थकित भए पनि यहाँ आइपुग्दाको खुसी उनीहरूको मुहारमा झल्किन्थ्यो ।

एक सय ४४ वर्षपछि भएको महाकुम्भमा पुण्य प्राप्त गर्न आएका लाखौँ भक्त नदीको एक किनारमा बनाइएका स्नानस्थलमा भगवान्‌को नाम जप्दै डुबुल्की मारिरहेका भेटिन्छन् । प्रयागराजमा गङ्गा र यमुनासँगै सरस्वती नदीको सङ्गम भएको विश्वासले धार्मिक रूपमा यो स्थानलाई विशेष मानिन्छ । यद्यपि हाल सरस्वती नदीको भने अस्तित्व देखिन्न ।

भारतको उत्तराखण्ड राज्यको प्रयागराजमा गत महिनादेखि सुरु महाकुम्भमा आउनेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको महाकुम्भ मेलाका सूचना अधिकारी गगन यादवले बताउनुभयो । दैनिक एक करोडदेखि तीन करोडसम्म भक्तजन आइरहेका छन् । "महाकुम्भमा आउनेहरूको गणनाका लागि चोकचोकमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा आधारित क्यामेरा जडान गरिएको छ । त्यसैका आधारमा आगन्तुकको आकडा अनुमान गरिएको हो । एक दिनमा सबैभन्दा बढी तीन करोडभन्दा बढी भक्तजन महाकुम्भमा आएका छन्", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीले महाकुम्भमा स्नान गरेपछिका दिनमा यहाँ आइपुग्ने भक्तजनको सङ्ख्या उल्लेख्य बढेको छ । "पछिल्लो पाँच दिनमा भक्तजनको सङ्ख्या बढ्दो छ, हामीलाई व्यवस्थापन गर्न कठिन भएको छ", उहाँले भन्नुभयो । हालसम्म ४५ करोडभन्दा बढीले महाकुम्भ मेला भरेका छन् । नेपाललगायत विभिन्न देशबाट श्रद्धालु भक्तजन आएका उहाँले जानकारी दिनुभयो । मेला समापनका दिनसम्ममा ५५ करोड भक्त आउने उहाँको अनुमान छ ।

महाकुम्भ मेलाबाट नेपालले पनि धार्मिक पर्यटन प्रवर्द्धन गरी लाभ लिन सक्ने सूचना अधिकारी यादवले बताउनुभयो । महाकुम्भमा आउने अधिकांश भक्तजन अयोध्यास्थित भगवान् रामको मन्दिर र वाराणसीस्थित विश्वनाथबाबाको मन्दिरमा पुगिरहेका छन् । त्यसैगरी, उनीहरूलाई नेपालका प्रसिद्ध तीर्थस्थल पशुपतिनाथ, मुक्तिनाथ र लुम्बिनीलगायत स्थानमा लैजान सकिने यादवले बताउनुभयो ।

### चुस्त व्यवस्थापन

विश्वका विभिन्न देशबाट महाकुम्भमा सहभागी हुन आउनेको सङ्ख्या अनपेक्षित रूपमा बढे पनि मेला व्यवस्थापन भने चुस्त छ । सबै भक्तजनलाई स्नान गर्न मिल्नेगरी नदी किनारमा व्यवस्थापन गरिएको छ । स्थानीय, राष्ट्रिय, अन्तरराष्ट्रिय सञ्चारमाध्यमका लागि आवासीय सुविधासहितको 'पडकास्टिङ' सञ्चालन गर्नेका लागि पनि स्थल बनाइएको छ । साथै आगन्तुकका लागि अस्थायी आवास निर्माण गरिएको छ । सूचना अधिकारी यादवका अनुसार मेला सञ्चालनका लागि हालसम्म भारत सरकारले रु ७५ अर्ब खर्च गरिसकेको छ ।

### के हो महाकुम्भ ?

आजभन्दा आठ सय ५० वर्षअघि पहिलो महाकुम्भ मेला आयोजना भएको मानिन्छ । आदिशङ्कराचार्यले महाकुम्भको सुरुआत गर्नुभएको थियो । केही पौराणिक कथाहरूमा कुम्भको आयोजना समुद्र मन्थनपछि हुन थालेको वर्णन पनि पाइन्छ ।

प्रसिद्ध चिनियाँ यात्री हेनसाङले आफ्नो भारत यात्राका क्रममा कुम्भमेला आयोजना भएको उल्लेख गरेका थिए । हेनसाङका अनुसार राजा हर्षबर्द्धनले प्रत्येक पाँच वर्षमा नदीहरूको सङ्गममा ठूला कार्यक्रम आयोजना गर्दथे । ती कार्यक्रममार्फत राज्यको सम्पत्तिबाट केही हिस्सा धार्मिक व्यक्तिहरूलाई दान दिन्थे ।

त्यसबाहेक कुम्भको महिमा शिव पुराण, मत्स्य पुराण, पद्म पुराण र भविष्य पुराणमा उल्लेख भएको पाइन्छ । समुद्र मन्थनका क्रममा जब अमृतको कलश निस्कियो तब देवता र राक्षसबीच अमृतको कशल तानातान भयो । सोही सङ्घर्ष कम गर्नका लागि भगवान् विष्णुले मोहिनी रुप लिनुभएको थियो । त्यसपछि जब देवता र राक्षसहरूबीच सङ्घर्ष बढ्न थाल्यो तब इन्द्रदेवका पुत्र जयन्तलाई अमृतको कलश जिम्मा लगाइयो । जयन्त कौवाको रुप धारण गरी राक्षसहरूबाट अमृतकलश खोसेर उड्न थाले । उड्ने क्रममा अमृतका केही थोपा प्रयागराज, उज्जैन, हरिद्वार र नासिकमा खसेको विश्वास गरिन्छ । अमृत खसेका स्थानमा कुम्भमेला हुन थालेको हो ।

# कार्यक्षमता बढाउन मातहतका विभाग र निकायलाई सञ्चारमन्त्री गुरूङको निर्देशन



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले मन्त्रालय मातहतका विभाग र निकाय प्रमुखलाई कार्य क्षमता बढाउन निर्देशन दिनुभएको छ ।

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरूङले मन्त्रालयको पुँजीगत खर्च बढाउनेतर्फ जोड दिनुपर्ने बताउनुभयो । पुँजीगत खर्च कम हुनुका कारण कानुनी र नीतिगत बाधा पनि एक भएको उहाँको भनाइ छ ।

मन्त्रालयले केही विषयमा अत्यन्त राम्रो उपलब्धी हासिल गरेको र केहीमा धेरै मिहेनत गर्नुपर्ने मन्त्री गुरूङको जोड थियो । उहाँले सम्बन्धित निकाय र विभागले पनि आफ्नै बलबुतामा कार्य सम्पादन बढाउन सक्ने धारणा राख्नुभयो ।

मन्त्री गुरूङले समस्या भए पहिचान गरी समाधान गर्ने चासो देखाउनुपर्नेमा जोड दिनुभयो । “तीन दिनभन्दा बढी टेबलमा फाइल नराख्नु, समस्या नै भएमा बढीमा ७ दिन राख्नु, त्योभन्दा बढी भए कारण खुलाउनुस्,” मन्त्री गुरूङले भन्नुभयो। उहाँले प्रशासनिक कार्यशैली कमजोर देखिएको उल्लेख गर्दै केही नीतिगत अस्पष्टताले काममा बाधा पुगेको बताउनुभयो।

मन्त्री गुरूङले यसै वर्ष काठमाडौँमा आइटी पार्क निर्माण गर्ने, गोरखापत्रको भवन निर्माण गर्ने, एआईमार्फत उद्यमशीलतामा जोड दिने, सार्वजनिक सेवा प्रसारण संस्था (पिएसबी) लाई बजेट व्यवस्थापन गर्ने लगायतका योजना रहेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले पुँजीगत खर्च गर्न नसक्नु मन्त्रालयको मात्रै नभइ सरकारकै मुख्य समस्या रहेको उल्लेख गर्नुभयो । “एकातिर बजेट छैन भन्नु र अर्कोतिर खर्च गर्नै नसक्नुले विकासमा चुनौती थपिएको छ”, उहाँले भन्नुभयो, “खर्च गर्नतर्फ सबैले ध्यान दिन आवश्यक छ । अनि मात्रै विकास हुन्छ ।”

बैठकमा मन्त्रालयका सह-सचिव कोशहरि निरौलाले मन्त्रालयको आर्थिक वर्ष २०८१/२०८२ को दोस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

मन्त्रालयको दोस्रो त्रैमासिक प्रगति समीक्षा मूल्याङ्कन गर्दै मन्त्रालयका सचिव राधिका अर्यालले केही महत्त्वपूर्ण काम सम्पादन भएको र केहीमा अत्यन्त मिहनेत गर्नुपर्ने टिप्पणी गर्नुभयो । “स्रोत र साधनअनुसार उपलब्धी भए पनि यतिमै चित्त बुझाउने स्थिति छैन”, उहाँले भन्नुभयो, “हामीले थप समस्या पहिचान गरेर समाधानतर्फ सबै कर्मचारी जिम्मेवारीपूर्ण लाग्नुपर्नेछ ।”

बैठकमा सार्वजनिक सेवा प्रसारण संस्थाका अध्यक्ष डा महेन्द्र विष्टले पिएसबीको बजेट नहुँदा संरचनागत, जनशक्ती व्यवस्थापन र टेलिभिजन प्रसारण क्षमता वृद्धिमा चुनौती देखिएको बताउनुभयो । रेडियोका भौतिक संरचना जीर्ण हुँदै गएको र टेलिभिजिनको पहुँच विस्तारमा सेटअप बक्सको अभाव भएकाले सोचे अनुकुल प्रतिफल आउन नसकेको उहाँको धारणा थियो ।

त्यस्तै, गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले गोरखापत्रको भवनको समस्या बताउँदै गोरखापत्र डिजीटाइजेसन कार्य सम्पादन भइरहेको जानकारी दिनुभयो। गोरखापत्र जर्नल प्रकाशन गर्ने तयारी रहेको, समाचार निर्देशिका बनाउने, गोरखापत्रको भाषा संस्करण व्यवस्थित गर्नेलगायतका कार्य योजनाहरू मन्त्रालय समक्ष प्रस्तुत गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय सूचना आयोग, हुलाक सेवा विभाग, सूचना तथा प्रसारण विभाग, मुद्रण विभाग, सुरक्षण मुद्रण केन्द्र, सूचना प्रविधि विभाग, एकीकृत डाटा व्यवस्थापन केन्द्र, प्रमाणीकरण नियन्त्रणको कार्यालय, राष्ट्रिय साइबर सुरक्षा केन्द्र, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, चलचित्र विकास बोर्ड, विज्ञापन बोर्ड, प्रेस काउन्सील नेपाल, न्यूनतम पारिश्रमीक निर्धारण समितिलगायत मन्त्रालय मातहतका विभागीय प्रतिनिधिहरूको उपस्थीति थियो ।रासस

# ‘अध्यादेशको ‘कन्टेन्ट’लाई लिएर विरोध नगरौँ’

काठमाण्डु । नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले अध्यादेशको विरोध गर्नुपर्ने कुनै कारण नरहेको बताउनुभएको छ । राष्ट्रिय समाचार समितिको ६४औँ वार्षिकोत्सवका अवसरमा बधुवार आयोजित ‘संसद्को प्रभावकारी रिपोर्टिङका सन्दर्भमा राससको भूमिका’ विषयक अन्तरसंवाद कार्यक्रममा उहाँले अध्यादेशको ‘कन्टेन्ट’लाई लिएर कसैले पनि विरोध गर्न नपर्ने धारणा व्यक्त गर्नुभयो ।

“आर्थिक विकास, लगानी प्रोत्साहन, सुशासनलाई गति दिन एवं भूमिहीन तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्न अध्यादेश आएको हो”, कांग्रेसका प्रमुख सचेतक घिमिरेले भन्नुभयो । उहाँले सदनमा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दल र आमजनताको बढीभन्दा बढी समर्थनमा संविधान संशोधन गरिने स्पष्ट पार्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मुख्य सचेतक महेशकुमार बर्तौलाले संसद्लाई रचनात्मक बहस गर्ने थलोका रुपमा आफूहरुले अघि बढाउन चाहेको उल्लेख गर्दै विधेयक र राष्ट्रिय नीति निर्माणमा सत्ता र प्रतिपक्ष एकै ठाउँमा उभिएर समान धारणा बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले संविधानको मेरुदण्डका रुपमा रहेको सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी र सामाजिक न्यायलाई थप बलियो बनाउने गरी संविधान संशोधन हुने विश्वास दिलाउनुभयो ।

वर्तमान सरकारले अघि बढाएको सामाजिक सञ्जाल विधेयकले सामाजिक सञ्जाललाई नियन्त्रण नभई व्यवस्थित गर्ने दाबी गर्नुभयो । “कसैलाई प्रतिबन्ध गर्न होइन, वाक स्वतन्त्रता कुन्ठित गर्न होइन, सामाजिक सञ्जाललाई सुरक्षित, व्यवस्थित, मर्यादित र नियमन गर्न हो, नियन्त्रण गर्न होइन”, उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले सात प्रदेश र सात सय ५३ स्थानीय सरकारलाई समेत जोड्ने गरी समाचार सङ्कलन तथा सम्पादनसम्बन्धी कार्ययोजना बनाउन सुझाव दिनुभयो । रासस सरकारको मात्रै हो कि भन्ने भ्रम चिर्न यसले विभिन्न पक्षसँग अन्तर्क्रियात्मक कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ”, उहाँले भन्नुभयो, “जनताका आवाज राससले अगाडि ल्याइदिनुपर्छ, यसबाट सांसदलाई सदनमा आवाज उठाउन सहज हुन्छ ।”



“ वर्तमान सरकारले अघि बढाएको सामाजिक सञ्जाल विधेयकले सामाजिक सञ्जाललाई नियन्त्रण नभई व्यवस्थित गर्ने दाबी गर्नुभयो । “कसैलाई प्रतिबन्ध गर्न होइन, वाक स्वतन्त्रता कुन्ठित गर्न होइन, सामाजिक सञ्जाललाई सुरक्षित, व्यवस्थित, मर्यादित र नियमन गर्न हो, नियन्त्रण गर्न होइन”, उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले समाचारको विषयवस्तुलाई बढीभन्दा बढी समावेशी बनाउन सुझाव दिनुभयो । “महिला, दलित, मधेसी, जनजातिका समाचारलाई प्राथमिकता दिएर अघि बढ्नुस्”, उहाँले भन्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सचेतक बीना लामाले देशका कुनाकाप्चामा रहेका भुइँमान्छेका समाचार सम्प्रेषणमा राससले गर्दै आएको कामको सराहना गर्नुभयो । “सदनमा महिला सांसदले राख्नुभएका धारणा समाचारमा खासै आउँदैनन्, समाचार दबाइन्छ, रासस ‘आवाजविहीनको आवाज’ बन्नुपर्छ”, उहाँले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का प्रमुख सचेतक मेटमणि चौधरीले समाचारका विषयवस्तुलाई समावेशी बनाउनेतर्फ राससको ध्यान जानुपर्नेमा जोड दिनुभयो । “सदनमा कसले बोल्योभन्दा पनि के विषयवस्तु राख्यो, त्यो महत्वपूर्ण हो”, उहाँले भन्नुभयो ।

जनमत पार्टीका सांसद गीता पाठकले नेपाल विविधतायुक्त मुलुक भएकाले समाचारको विषयवस्तुलाई सोहीअनुसार समावेशी बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । राससबाट मातृभाषामा पनि समाचार सम्प्रेषण हुन थालेकामा खुशी व्यक्त गर्दै आगामी दिनमा अझ धेरै भाषालाई समेटेर समाचार सम्प्रेषण गर्न आग्रह गर्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टीका सचेतक रामप्रकाश चौधरीले समाचार बैंकका रुपमा रहेको राससले सत्य, तथ्य र निष्पक्ष ढङ्गबाट समाचार सम्प्रेषण गर्दै आइरहेको आफूले महसुस गरिरहेको बताउनुभयो । “राससले मातृभाषाबाट समाचार सेवा सुरु गरेको छ, आगामी दिनमा यसलाई बढवा दिनुपर्छ”, उहाँले भन्नुभयो ।

जनता समाजवादी पार्टीका सचेतक वीरेन्द्रप्रसाद महतोले सस्तो लोकप्रियताका समाचारको बिगबिगी रहेको वर्तमान अवस्थामा राससले राष्ट्रियता, जनजीविकाका सबालतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । “व्यक्ति केन्द्रित र भ्रामक समाचारले सामाजिक सञ्जाल भरिएका छन्”, उहाँले भन्नुभयो, “सिङ्गो मुलुक र नागरिकमा सकारात्मक सञ्चार गर्ने खालका समाचार सम्प्रेषणतर्फ राससको ध्यान जान आवश्यक छ ।”

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सूचनाको आधिकारिकता र विश्वसनीयतालाई मूलमन्त्र मानेर राससले स्थापनाकालदेखि नै राज्यलाई बलियो बनाउने खालका समाचार सम्प्रेषण गरिरहेको जानकारी गराउनुभयो। राससलाई आर्थिक रुपमा आत्मनिर्भर गराउन यसका सेवालाई राज्यका सबै निकायले अनिवार्य उपभोग गर्ने नीति बनाइदिन उहाँले आग्रह गर्नुभयो । संसदीय गतिविधिसम्बन्धी समाचारले प्राथमिकता पाउनुपर्दछ भन्ने मान्यताका साथ राससले समाचार सङ्कलन तथा सम्प्रेषणमा जोड दिएको उल्लेख गर्दै कार्यकारी अध्यक्ष झाले राससलाई प्रदेश तथा पालिका तहसम्म जोड्न आवश्यक पहल भइरहेको बताउनुभयो ।

त्रिवि, रत्नराज्य लक्ष्मी क्याम्पसका आमसञ्चार तथा पत्रकारिता विभागका प्रमुख डा जगत नेपालले नीति निर्माण तहमा रहेका सांसदहरुले राससलाई नीतिगत रुपमा रहेको जटिलतालाई फुकाएर स्वतन्त्र रुपमा काम गर्ने वातावरण बनाइदिनुपर्नेमा जोड दिनुभयो।

रासस समाचार महाशाखा प्रमुख सोमनाथ लामिछानेले सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय सरकारका प्रमुख गतिविधिलाई राससले उच्च प्राथमिकताका साथ सम्प्रेषण गरिरहेको जानकारी गराउनुभयो।

विसं २०१८ साल फागुन ७ गते स्थापना भएको राससले आगामी फागुन ७ गते ६४औँ वार्षिकोत्सव मनाउँदै छ । राससले चौबिसै घन्टा राष्ट्रिय तथा अन्तर ाष्ट्रिय महत्वका आधिकारिक र विश्वसनीय समाचार सम्प्रेण गर्दै आएको छ ।रासस

# ऊर्जामन्त्री खड्का र भारतका विद्युत्मन्त्री खट्टरबीच भेट



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टरबीच भेटवार्ता भएको छ ।

‘इण्डिया इनर्जी वीक-२०२५’ मा भाग लिन भारतको नयाँदिल्ली पुग्नुभएका मन्त्री खड्काले बुधबार भारतका समकक्षी खट्टरसँग भेटवार्ता गर्नुभएको हो । भेटमा नेपाल भारतबीचको ऊर्जा विकासका विविध विषयमा छलफल भएको थियो ।

ऊर्जामन्त्री खड्काले गत नोभेम्बर ५ मा नयाँदिल्लीमा भारतका विद्युत्मन्त्री खट्टरसँग भएको भेटमा इनरुवा-पूर्णिया र दोदोधारा-बरेली ४०० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण प्रारुपमा सहमति गर्नुभएको थियो । उक्त प्रसारण लाइन अगाडि बढाउन यही माघ ९ गते दुई देशबीचको सहसचिवस्तरीय बैठक र माघ २ ९ गते सचिवस्तरिय बैठक बसेर प्रारुपबारे सहमति भएकोमा भारतीय विद्युत्मन्त्रीलाई उर्जामन्त्री खड्काले धन्यवाद दिनुभयो ।

गत वर्षको नोभेम्बर १५ मा नेपालबाट भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश विद्युत निर्यात गर्न भारतले गरेको सहयोगप्रति भारत सरकारलाई उहाँले धन्यवाद दिनुभयो । मन्त्री खड्काले नेपालले सुक्खायामको पिक आवर (बेलुका ६ बजेदेखि १० बजेसम्म) मा भारतीय पावर एक्सचेञ्जको विद्युत् उपलब्ध हुन नसकेकाले २४ सै घण्टा विद्युत् उपलब्धताको स्वीकृत दिन माग गर्नुभयो ।

हाल भारतले नेपाललाई एक हजार मेगावाट विद्युत् उपलब्ध गराउँदै आए पनि पिक आवरमा भने उपलब्ध गराएको छैन । ऊर्जामन्त्री खड्काले नेपालको आफ्नै लगानीमा निर्माण भएको तामाकोशी जलविद्युत् आयोजनाको विद्युत् निर्यातका लागि स्वीकृत गर्न ध्यानाकर्षण गराउनुभयो ।

ऊर्जामन्त्री खड्काले यसअघिको भारत भ्रमणका क्रममा भारतीय विद्युत्मन्त्री खट्टरलाई नेपाल भ्रमणका लागि निम्तो दिनुभए पनि आजको भेटमा फ्रेबुवरी अन्तिम साता नेपाल भ्रमण हुने गरी छलफल भएको जनाइएको छ । भेटमा भारतका विद्युत्मन्त्री खट्टरले नेपालको ऊर्जा क्षेत्रको विकासमा सँधै भारतको साथ र सहयोग रहेको बताउनुभएको थियो । उहाँले दुई देशबीचको विद्युत् विकासलाई आपसी छलफल र सहकार्यमार्फत अगाडि बढाउने बताउनुभएको थियो । भारतका विद्युत्मन्त्री खट्टरले भारतीय कम्पनीले नेपालमा बनाइरहेका आयोजनाको आवश्यक सहजीकरण गर्न आग्रह गर्नुभएको थियो ।

भेटमा मन्त्री खड्कासँगै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, मन्त्रालयका वरिष्ठ उर्जा विज्ञ प्रबल अधिकारी, मन्त्रालयका सहसचिव सन्दिपकुमार देव, मन्त्रीका आर्थिक सल्लाहकार अमित श्रेष्ठलगायत सहभागी हुनुहुन्थ्यो।

भारतीय तर्फबाट विद्युतमन्त्री खट्टरसँगै विद्युत् सचिव पङ्कज अग्रवाल र भारतको विद्युत् संस्था एनएचपीसीका अध्यक्ष आरके चौधरीको उपस्थिति रहेको थियो । रासस

# तराई–मधेशका साना दलहरु महागठबन्धन बनाउदै



**टुडे समाचारदाता**

जनकपुरधाम। तराई-मधेशमा सक्रिय रहेका साना दलहरुबीच महागठबन्धनको तयारी तीव्ररुपमा अगाडि बढिरहेको छ । आठदलीय मधेशी मोर्चामा अटाउन नसकेका दलहरुबीच मोर्चाबन्दीको गृहकार्य सुरु भएको हो ।

पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीको नेतृत्वमा देश र मधेशमा वैकल्पिक शक्ति निर्माण हुन लागिएको हो । नेपालका उत्पीडित, उपेक्षित र पछाडि पारिएका वर्ग समुदायको हकअधिकारका लागि संघर्ष गर्ने उद्देश्यले देश र मधेशका लागि वैकल्पिक शक्ति निर्माण गर्न विभिन्न १० दलका साथै नागरिक अगुवाहरुको बैठक सम्पन्न भएको छ ।

मंगलबार धनुषाको ढल्केबरमा बसेको बैठकले नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीलाई महागठबन्धन निर्माणका लागि जिम्मा दिएको हो ।


नेपाल सद्भावना पार्टीको विशेष आयोजनामा विभिन्न पार्टीहरुसँग मोर्चाबन्दीको लागि साझा मुद्दाहरुमा छलफल गरिएको छ । नेपाल सद्भावना पार्टीको तर्फबाट राष्ट्रिय अध्यक्ष रामकुमार महतो, उपाध्यक्ष अमरेन्द्र कुमार झा तथा महासचिव पवन कुमार साहको उपस्थिति रहेको थियो ।

त्यसैगरी नेपाल संघीय समाजबादी पार्टीका अध्यक्ष अन्सारी, पूर्व प्रदेश गृह, सञ्चार तथा कानूनमन्त्री बिमला अन्सारी, नेपाली जनता दलको अध्यक्ष हरिचरण साह, इतिहासिक जनता पार्टीका अध्यक्ष बद्री नारायण ठाकुर, बहुजन एकता पार्टी नेपालको वरिष्ठ नेता राजाराम पासवान, जन अधिकार पार्टी नेपालको अध्यक्ष ईमदाद गद्दी, राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्य संजय सिंह, नेपाली जनता दल, स्वाधिन मधेश अभियानी लगायतले मोर्चाबन्दीको लागि निकट भविष्यमा अर्को बृहत बैठक बस्ने निर्णय गरेका थिए ।

नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टी बीच माघ २४ गते भएको सहमति अनुसार नेपालको उत्पीडित जनताको राजनीतिक र सामाजिक अधिकारलाई सुनिश्चित गर्नका लागि नेपाली जनताको बलिदानि पुर्न आन्दोलनहरुबाट प्राप्त उप्लब्धी सङ्घीय समावेशी लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक समावेशीकरण लगायत उपलब्धिहरूलाई सरकारद्वारा संविधान संशोधनको नाममा कटौती गर्ने भइरहेको दुष्प्रयासलाई सामना गर्न र यस्तो कुनै पनि षड्यन्त्रलाई सफल हुन नदिन जनताको बलियो राजनीतिक शक्ति आवश्यक भएको हुनाले १० राजनीतिक दल र नागरिक समाज लगायतको बृहत बैठक अन्तरक्रिया सम्पन्न भएको छ।

बैठकले प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धिहरूको लागि संघर्ष गर्ने उद्देश्य प्राप्तिको लागि नागरिक समाज तथा राजनीतिक दलको संयुक्त महागठबन्धन निर्माण गर्ने निर्णय गरेको छ। यसको संयोजन गर्नका लागि नेपाल सङ्घीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृह राज्यमन्त्री रिजवान अन्सारीज्यूलाई जिम्मेवारी दिइएको छ ।

# लुम्बिनी र गण्डकीका मुख्यमन्त्रीसहित अन्तरप्रदेश समन्वय बैठक



रामपुर। पाल्पाको ऐतिहासिक तथा पर्यटकीयस्थल रानीमहलमा आज अन्तरप्रदेश समन्वय बैठक बस्दैछ । लुम्बिनी र गण्डकी प्रदेशका मुख्यमन्त्रीसहितको अन्तरप्रदेश समन्वय बैठक यहाँ बस्न लागेको हो ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेयलगायत प्रदेशका मन्त्री, मुख्यसचिव, सचिवलगायत कर्मचारीको अन्तरप्रदेशसमन्वयबैठकमासहभागिता रहनेछ। कालीगण्डकी नदीको तटमा अवस्थित रानीमहल दरबारमा दुई प्रदेशका मुख्यमन्त्रीसहितको बैठकमा लुम्बिनी र गण्डकी प्रदेशका भावी योजनाबारे विस्तृत गहन छलफल हुनेछ।

कालीगण्डकी नदीले लुम्बिनी र गण्डकी प्रदेशलाई जोडेकाले दुई प्रदेशको पर्यटन प्रवर्द्धन, अन्तरप्रदेश व्यापार, व्यवसायलगायत क्षेत्रमा महत्वपूर्ण प्रभाव पार्ने भएकाले यहाँ बस्ने बैठकलाई विशेष चासोका रूपमा हेरिएको तानसेन-१३ का वडाध्यक्ष टुकप्रसाद भट्टराईले बताउनुभयो । विशिष्ट व्यक्तिको उपस्थितिले नदी वारिपारिका क्षेत्रको समृद्धि र विकासका साझा सरोकारका विषयमा महत्वपूर्ण विषय उठान हुने सरोकार भएकाको अपेक्षा छ।

नेपालको ताजमहलका रूपमा चिनिने पाल्पाको रानीमहल दरबार जिल्ला सदरमुकाम तानसेनबाट करिब १३ किलोमिटर उत्तरमा अवस्थित छ । करिब ११ रोपनी क्षेत्रफलमा रहेको नेपालको रानीमहलमा २४ कोठा छन् । यसको परिसरमा मनमोहक बगैँचा, शिवलालय, पानीपोखरी, शिवलिङ्गमा नागनागिनीले जल शेचनको दृश्य, भान्साघर, घोडा बाँध्ने तबेला ठूला घण्टसहितको विभिन्न आकर्षक कलाकृतिहरू देख्न सकिन्छ ।

तानसेन नगरपालिका-१३ मा रहेको रानीमहलमा सबै उमेर समूहका पर्यटक घुम्न जाने गर्दछन् । अहिले यस क्षेत्रमा होटल तथा रिसोर्ट खुल्ने क्रम बढ्दै गएको छ । रानीमहल दरबारलाई नियाल्दै कालीगण्डकी नदीमा जलयात्रा गर्ने अवसर रहेकाले पनि पर्यटकहरू अवलोकन गर्न पुग्दछन् ।

> तानसेन नगरपालिका-१३ मा रहेको रानीमहलमा सबै उमेर समूहका पर्यटक घुम्न जाने गर्दछन् । अहिले यस क्षेत्रमा होटल तथा रिसोर्ट खुल्ने क्रम बढ्दै गएको छ । रानीमहल दरबारलाई नियाल्दै कालीगण्डकी नदीमा जलयात्रा गर्ने अवसर रहेकाले पनि पर्यटकहरू अवलोकन गर्न पुग्दछन् ।

विसं १९५० मा पाल्पा गौँडाका तैनाथवाला प्रधानसेनापति खड्ग शमशेरले आफ्नी दिवङ्गत रानी तेजकुमारीको सम्झनामा रानीमहल निर्माण गरेका थिए । तानसेन नगरपालिकाको बौघागुम्हा र वगनासकाली गाउँपालिकाको खानीगाउँको बीचमा अवस्थित रानीमहल युवापुस्ताको पहिलो रोजाइमा पर्ने गरेको छ । विसं १९५० मा शिलान्यास गरी १९५४ मा कालीगण्डकी नदीको चट्टानमाथि पश्चिमी कला कौशलको बेजोड नमूनाले सिँगारेर बनाइएको छ ।

यहाँ एक्लै रात बिताउँदा खड्ग समशेर कहिलेकहिले आफ्नी दिवङ्गत रानीलाई सम्झँदै भावविह्वल हुँदै मध्यरातमा रुँदै चिच्याउँथे भन्ने पनि गरिन्छ । विसं १९६० मा खड्ग शमशेरले श्री ३ को पद र उपत्यका कब्जा गर्ने षड्यन्त्र गऱ्यो भन्ने श्री ३ चन्द्र समशेरले थाहा पाएपछि चन्द्रशमसेरले सेना पठाएर तैनाथी आफ्नो हातमा लिएका थिए । आफूमाथि खतराको घण्टी बज्ने लक्षण देखा परेपछि सरकारी ढुकुटी लिएर उनी भारत पलायन भएका थिए ।

त्यसै दिनदेखि प्रेमको प्रतीक ठानिएको दरबार आजसम्म एक्लो अवस्थामा रहेको छ। कालीनदीको चट्टामाथि बनेको हुँदा पनि यस दरबारले सबैलाई आकर्षित गर्दछ। रासस

# भारतीय जनता पार्टीको जीत कम र आम आदमी पार्टीको ठूलो हार :यादव

**बीबीसी**

नयाँ दिल्ली ।भारतको राजधानी दिल्ली विधानसभा चुनावमा आम आदमी पार्टी (आप)लाई पराजितगर्दै भारतीय जनता पार्टी (भाजप) २७ वर्षपछि सत्ता प्राप्त गरेको छ ।आपका अध्यक्ष अरविन्द केजरीवाल पछिल्ला १२ वर्षदेखि दिल्लीमा भाजपाका लागि ठूलो चुनौती बनेको थियो ।

आम आदमी पार्टीका संस्थापक सदस्य समेत रहेका अरविंद केजरीवालका पुराना सहयोगी योगेंद्र यादवको दृष्टिमा दिल्ली चुनावको परिणाम बीजेपीको जीत कम तर 'आप' को हार अधिक रहेको बताएका छन् ।यादव १२ वर्ष पूर्व नै केजरिवालको साथ छाडेका थिए ।



आम आदमी पार्टी को प्रति रहेको थोरै निराशा नै बीजेपी जीतको ठूलो कारण रहेको यादवले बताएका छन् । यादवले भने, " यो आम आदमी पार्टीका लागि ठूलो हार र बीजेपीका लागि सानो जीत हो । पछिल्लो दुई चुनावमा भाजपाको १५ प्रतिशत मत आम आदमी पार्टीको पक्षमा गएको उल्लेखगर्दै उनले भने, तर यस पटकको चुनावमा १५ प्रतिशत मध्ये आधीले लोकसभामा मतदान गरेको भाजपाकै पक्षमा मतदान गर्ने निर्णय लिदा चुनावको परिणाम फेरिएको छ ।

'मतदाताले सकारात्मक रुपमा यस्तो निर्णय लिएको होइन्' उनले भने, आम आदमी पार्टीको सरकारको कृयाकलापबाट मतदाताहरु निराश थिए र त्यसको परिणाम नै मतदानमा देखिएको छ । भाजपा र आम आदमी पार्टी बीचको मत फरक केवल साढे तीन प्रतिशत को छ ।समग्रमा आप पार्टीबाट मतदातामा थोरै निराशा हुँदा भाजपाले भारी जीत हासिल गरेको उनले बताए ।

'म उनलाई नजिकबाट बुझेको थिएन । बुझेको भए ती गल्तीहरु हुने थिएनन् । आपले प्रारम्भमा राजनीतिकको कोर्स बदल्ने बताएपनि पछि पुरानै कोर्समा समाहित भएकाले उसको राजनीतिकको नयाँ मोडेल समेत बन्न सकेन । 'उनले भने ।

'आप पार्टीले पहिलो कार्यकालमा ' गुड गर्वनेंस ' दिने घोषणा गरेर त्यस अनुसार शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गरे ।त्यो विगतको सरकारको भन्दा बढी थियो ।तर दोस्रो कार्यकाल सम्म आउँदा उनले निशुल्क बिजुली र महिलालाई बसमा निशुल्क यात्राको व्यवस्था गरिएको बाहेक उपलब्धि देखिएन् ।मतदाताले थप उपलब्धिको विषयमा प्रश्नगर्दा आम आदमी पार्टीका नेताहरुले जवाफ दिने स्थितिमा पुग्न सकेनन् ।' उनले भने , हुनत उपराज्यपालको कारणपनि आम आदमी पार्टीले अपेक्षाकृत कतिपय काम गर्न सकेन ।

"उप राज्यपाल केजरीवाललाई काम गर्न नदिएको एक दम सत्य हो । उप राज्यपालको कार्यालय भाजपाको कार्यालय सरह नै रहेको थियो ।" उनले भने, तर आम आदमी पार्टीले दिएको आश्वासन अनुसारको काम गर्न समेत सकेन् ।

योगेंद्र यादव कहते हैं, "ये जो आप कहती थी कि हम नई तरह की राजनीति करेंगे. हम दूसरों से अलग हैं. हम राजनीति में देशभक्ति के लिए आए हैं. आपने कहा था कि गाड़ी नहीं लेंगे, बंगला नहीं लेंगे."

"महाराष्ट्र चुनाव पछि नै इंडिया गठबंधनमा असन्तुष्टि साफ देख्न थालिएको थियो ।" उनले भने, इंण्डिया गठबन्धनमा अझै असन्तुष्टि बढने संकेत देखिएको छ ।उनले विपक्षी दलहरुलाई एकसाथ मिलेर काम गर्ने शिक्षा दिल्लीको चुनावबाट लिन आवश्यक रहेको बताए ।

# बङ्गलादेशी क्रिकेटरलाई पाँच वर्षको प्रतिबन्ध

**एएफपी**

ढाका । बङ्गलादेशकी अन्तर्राष्ट्रिय खेलाडी सोहेली अख्तरलाई आइसिसीको भ्रष्टाचार विरोधी संहिताको पाँचवटा उल्लङ्घन गरेको स्वीकार गरेपछि पाँच वर्षका लागि सबै प्रकारका क्रिकेटबाट प्रतिबन्धित गरिएको खेलको नियामक निकायले जनाएको छ ।



अख्तरले सन् २०२३ मा दक्षिण अफ्रिकामा भएको महिला टी-२० विश्वकपमा एक बङ्गलादेशी खेलाडीलाई हिट विकेट आउट हुन १३ हजार पाउन्ड (१६ हजार डलर) को प्रस्ताव गर्नुभएको थियो ।

नाम नखुलाइएकी खेलाडीले अख्तरका बारेमा रिपोर्ट गरेकी थिइन् । उनी त्यो प्रतियोगितामा संलग्न थिइनन् । बङ्गलादेश क्रिकेट बोर्डका निर्देशक तथा महिला विभाग प्रमुख नजमुल आबेदिन फहिमले अख्तरको कार्य 'दुर्भाग्यपूर्ण' भएको बताउनुभयो ।

"हामी यस विषयमा शून्य सहनशीलताको नीति अपनाउँछौं र बङ्गलादेश क्रिकेटका सबै तहमा फिक्सिङ रोक्न कडा प्रयास गरिरहेका छौं", फहिमले भन्नुभयो । छत्तीस वर्षीया स्पिनर अख्तरले आफ्नो देशका लागि १३ टी-२० र दुई एकदिवसीय खेल खेल्नुभएको छ । उहाँले सन् २०२२ मा बङ्गलादेशका लागि अन्तिम पटक खेल्नुभएको थियो ।

आरोपहरू मध्ये अख्तरले आफ्नो आचरणको अनुसन्धानमा ढिलाइ वा बाधा पुऱ्याएको पनि स्वीकार गर्नुभयो ।

# बागमती गोल्डकप शनिबारदेखि



हेटौडा ।बागमती गाउँपालिकाको आयोजनामा १० लाख राशिको सातौं संस्करणको 'बागमती गोल्डकप' फुटबल प्रतियोगिता आगामी शनिबारदेखि हुनेभएको छ ।

प्रतियोगितामा 'ए' डिभिजनका सातसहित १० टिमको सहभागिता रहने आयोजक बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष रहरसिंह थिङ्ले बताउनुभयो । गाउँपालिकाको झुरझुरेस्थित सहिद स्मृति रङ्गशालामा हुने प्रतियोगितामा 'ए' डिभिजनको डिफेन्डिङ च्याम्पियन मच्छिन्द्र क्लबसहित सङ्कटा, थ्रीस्टार, त्रिभुवन आर्मी, एपिएफ र चर्च ब्वाईज क्लबको सहभागिता रहने अध्यक्ष थिङ्ले जानकारी दिनुभयो ।

आयोजकसहित मोफसलको थप तीन क्लबको पनि सहभागिता रहने यस प्रतियोगिता फागुन १२ गतेसम्म चल्नेछ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख, उपविजेताले रु पाँच लाखसहित ट्रफी प्राप्त गर्नेछन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले रु एक लाख एक हजार तथा विधागत उत्कृष्ट खेलाडीले रु २५ हजारका दरले नगद पुरस्कार प्राप्त गर्नेछन् ।

प्रतियोगिताको हरेक खेलको म्यान अफ द म्याचले रु १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ । प्रतियोगिताका लागि गाउँपालिकाले रु ३० लाख विनियोजन गरेको छ । रासस

# जापानद्वारा स्टिल शुल्कमा छुट माग

**एफएफपी**

टोकियो । जापानले बुधबार अमेरिकासँग स्टिल र एलुमिनियम निर्यातमा राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाउनुभएको शुल्कबाट छुट पाउन अनुरोध गरेको टोकियोका शीर्ष सरकारी प्रवक्ताले बताएका छन् ।

ट्रम्पले मार्च १२ देखि स्टिल र एलुमिनियम आयातमा २५ प्रतिशत शुल्क लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको छ । यसले क्यानाडा, मेक्सिको र युरोपेली सङ्घ (इयु) लगायत अन्तर्राष्ट्रिय स्तरमा आक्रोशपूर्ण प्रतिक्रिया निम्त्याएको छ ।

'हामीलाई स्टिल र एलुमिनियममा थप शुल्क लगाउने राष्ट्रपतीय आदेश जारी भएको थाहा छ.'हामीले अमेरिकी सरकारसँग हाम्रो देशलाई यी उपायहरूबाट बाहिर राख्न अनुरोध गरेका छौं", प्रवक्ता योशिमासा हायासीले पत्रकार हरूलाई भन्नुभयो ।

उहाँका अनुसार यो अनुरोध बुधबार बिहान अमेरिकास्थित जापानी दूतावासमार्फत गरिएको थियो ।"जापानले यी उपायहरूको विषयवस्तु र हाम्रो देशमा पर्ने प्रभावको बारेमा सावधानीपूर्वक अध्ययन गर्नेछ र आवश्यक नीति अपनाउनेछ", उहाँले भन्नुभयो ।

ट्रम्पले आफ्नो पहिलो कार्यकालमा अमेरिकी उत्पादकहरूलाई अनुचित प्रतिस्पर्धाको सामना गर्नबाट जोगाउन यस्तै शुल्क लगाउनुभएको थियो ।तर उहाँका पूर्ववर्ती जो बाइडेनले जापानलाई छुट दिनुभएको थियो । उक्त छुटले जापानलाई शुल्क नतिरी वार्षिक १२ लाख ५० हजार टन स्टिल अमेरिकामा निर्यात गर्न दिन्थ्यो ।"ट्यारिफ कोटा भनिने उक्त छुटलाई 'खारेज गरिनेछ'", व्यापार मन्त्रालयका एक अधिकारीले भन्नुभयो ।

ट्रम्पको पछिल्लो नीतिअनुसार स्टिलमा २५ प्रतिशत र एलुमिनियममा हालको १० प्रतिशतबाट २५ प्रतिशत कर लगाइनेछ ।

# बन्धक मुक्त गर्न इजरायलद्वारा हमासमाथि धम्की

**बीबीसी**

इजरालय । इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले हमासले शनिवार दिउँसोसम्म बन्धकहरू मुक्त नगरे युद्धविराम भङ्ग हुने र फेरि लडाइँ चर्किने चेतावनी दिएका छन् ।उनले इजरेली सेनालाई गाजाभित्र र वरपरको क्षेत्रमा खट्न आदेश दिइसकेको पनि बताए ।नेतन्याहूका अनुसार हमासले बन्धकहरूलाई मुक्त गर्ने कार्य स्थगित गर्ने बताएपछि आफूले त्यस्तो आदेश दिइएको हो ।



यद्यपि नेतन्याहूले हमासको कब्जामा रहेका बाँकी ७६ बन्धकलाई मुक्त गर्नुपर्ने माग गरेका हुन् कि युद्धविराम सम्झौताअन्तर्गत आगामी शनिवार मुक्त हुने भनिएका थप तीन बन्धकका सन्दर्भमा उक्त चेतावनी दिएका हुन् भन्ने स्पष्ट पारेनन् ।एक इजरेली मन्त्रीले प्रधानमन्त्रीले "सबै बन्धक" मुक्त गर्नुपर्छ भन्ने सन्दर्भमा उक्त अभिव्यक्ति दिएको बताएकी छन् ।

हमासले युद्धविराम सम्झौताप्रति आफू प्रतिबद्ध रहेको र "कुनै पनि प्रकारका जटिलता वा ढिलाइका लागि इजरेल जिम्मेवार" रहेको प्रतिक्रिया दिएको छ ।तीन साताअघि भएको युद्धविराम सम्झौतालाई इजरेलले उल्लङ्घन गरेको हमासको आरोप छ। उसले महत्त्वपूर्ण मानवीय सहायता अवरुद्ध गरिएको आरोप पनि लगाएको छ। तर त्यसलाई इजरेलले खण्डन गरेको छ ।

यसै सप्ताहान्तका लागि निर्धारित बन्धक मुक्त गर्ने काममा विलम्ब गर्ने हमासको निर्णयपछि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इजरेल पनि सम्झौताबाट पछि हट्दा हुने बताएका थिए । उनले शनिवारसम्ममा "यदि सबै बन्धकहरू मुक्त नगरिए" युद्धविराम खारेज गरिनुपर्ने सुझाएका थिए ।

मङ्गलवार इजरेली सुरक्षा मन्त्रिपरिषद्को चार घण्टा लामो बैठकपछि नेतन्याहूले एउटा भिडिओ सन्देशमा आफूले "राष्ट्रपति ट्रम्पको सुझावलाई स्वागत गरेको" बताए ।उनले भने, "सम्झौता उल्लङ्घन गर्ने र हाम्रा बन्धकहरूलाई रिहा नगर्ने निर्णयबारे हमासले गरेको घोषणाको पृष्ठभूमिमा हिजो राति मैले आईडीएफलाई गाजा स्ट्रिपभित्र र त्यसको वरपर फौजहरू भेला पार्न निर्देशन दिएँ ।""यो काम अहिले यस बेला पनि भइरहेको छ र छिट्टै पूरा हुने छ ।"

उनले सुरक्षा मन्त्रिपरिषद्ले सर्वसम्मत रूपमा उक्त निर्णय अनुमोदन गरेको बताउँदै भने, "यदि हमासले शनिवार दिउँसोसम्म हाम्रा बन्धकहरूलाई फिर्ता गरेन भने युद्धविराम समाप्त हुने छ, आईडीएफले हमासको अन्तिम पराजय नभएसम्म कडा लडाइँ सुरु गर्ने छ ।"

इजरेली अधिकारीहरूले नेतन्याहूले सबै बन्धकलाई मुक्त गर्न भनेका हुन् वा शनिवार मुक्त गर्ने भनिएका तीन बन्धकबारे मात्र कुरा गरेका हुन् भन्नेबारे फरकफरक सन्देशहरू दिइरहेका छन् ।एउटा स्रोतलाई उद्धृत गर्दै एक इजरेली समाचारपत्रले शनिवार तय गरिएअनुसार थप बन्धकहरू मुक्त भए युद्धविराम जारी रहने जनाएको छ।

पछि इजरेली यातायातमन्त्रीले सामाजिक सञ्जाल 'एक्स'मार्फत् ट्रम्पको सुझावजस्तै शनिवारसम्म सबै बन्धकहरू मुक्त हुनुपर्ने निर्णय भएको जनाएकी छन् ।आईडीएफले दक्षिणी कमान्ड तत्पर अवस्थामा रहेको जनाएको छ। उक्त कमान्डले गाजामा कारबाही गर्ने जिम्मा पाएको छ ।

हमासले युद्धपछि गाजा कब्जा गर्ने र त्यहाँ बसोबास गर्ने २० लाख प्यालेस्टिनीहरूलाई स्थायी रूपमा स्थानान्तरण गर्ने ट्रम्पको विवादास्पद योजनालाई अस्वीकार गरेको छ ।सन् २०२३ को अक्टोबर ७ मा इजरेलमा हमासले गरेको हमलाका क्रममा बन्धक बनाइएका ७३ जना र एक दशकअघि लगिएका अन्य तीन जना अझै पनि गाजामा बन्धकका रूपमा छन्। यदि बन्धकहरू रिहा नभए नसोचिएको अवस्था देखा पर्ने ट्रम्पको चेतावनी थियो ।

प्यालेस्टिनी प्रशासन र अरब देशहरूले पनि ट्रम्पको उक्त प्रस्तावलाई अस्वीकार गरेका छन् भने संयुक्त राष्ट्रसङ्घले त्यस्तो कार्य जातीय सफाया हुन सक्ने चेतावनी दिएको छ ।नेतन्याहूले चाहिँ ट्रम्पको प्रस्तावलाई "क्रान्तिकारी अवधारणा" भन्दै त्यसको प्रशंसा गरेका थिए ।

मङ्गलवार हमासका एक वरिष्ठ अधिकारीले बीबीसीसँग युद्धविराम सम्झौतालाई पुनः कार्यान्वयनमा लैजान अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताहरूलाई हस्तक्षेप गर्नका लागि ढोका खुला रहेको बताएका थिए ।

ज्यानुअरी १९ मा युद्धविराम सुरु भएयता १६ इजरेली र पाँच थाई बन्धक मुक्त भएका छन्। त्यसको बदलामा ५६६ जना प्यालेस्टिनी बन्दीहरू पनि रिहा भए ।अबको तीन सातामा सकिने युद्धविरामको पहिलो चरणको अन्त्यसम्ममा झन्डै ३३ बन्धक र १,९०० प्यालेस्टिनीहरू मुक्त हुने छन्। इजरेलले ३३ मध्ये आठ जनाको मृत्यु भएको जनाएको छ ।

हमासले झन्डै १,२०० जनाको ज्यान लिने र २५१ जनालाई बन्धक बनाउने गरी इजरेलभित्र प्रवेश गरेर अक्टोबर ७ मा हमला गरेपछि इजरेलले उनीहरूलाई नष्ट पार्ने भन्दै गाजामा सैन्य कारबाही थालेको थियो ।

हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार त्यसयता कम्तीमा ४७,५०० जनाको ज्यान गइसकेको छ ।त्यहाँको २३ लाख जनसंख्यामध्ये अधिकांश विस्थापित भएका छन् भने उक्त क्षेत्रमा युद्धका बेला दुई तिहाइभन्दा धेरै घर तथा भवनहरू ध्वस्त भएको संयुक्त राष्ट्रसङ्घको विवरण छन् ।

# फुटबल टोलीकी कप्तान सुब्बा स्वदेश फिर्ती

**टुडे समाचारदाता**

काठमाण्डु । चार देश सम्मिलित अन्तरराष्ट्रिय



महिला फुटबल प्रतियोगितामा सहभागिता जनाउन नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाा बुधवार स्वदेश फर्किएकी छिन् ।

आगामी फागुन ५ देखि १४ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको लागि व्यावसायिक फुटबल खेल्न ग्रिस पुगेकी तुम्बापो काठमाण्डु आइपुगेकी हुन् । ग्रीसको शीर्ष श्रेणीको क्लब निस अट्रोमिटौबाट उनी खेल्दै आएकी छिन् ।

यसैगरी व्यावसायिक फुटबल खेल्न फ्रान्समा रहेकी साबित्रा भण्डारी 'साम्बा' र साउदीमा रहेकी रेखा पौडेल केहीन दिनभित्र यहाँ आइपुग्ने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले जानकारी दिनुभयो ।

पहिलो पटक आयोजना गर्न लागिएको उक्त प्रतियोगितामा नेपालसहित कीर्गिस्तान, म्यानमार र लेबनानको सहभागिता रहनेछ ।

उक्त प्रतियोगिताको टिकेटिङ राइट रु एक करोड ३५ लाख र ब्रोडकास्टिङ राइट रु ६६ लाखमा बिक्री गरिएको एन्फाले जनाएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगिताको टिकट दर भिआइपीतर्फ रु एक हजार र साधारण प्यारापिटतर्फ रु पाँच सय तोकिएको छ ।

# चिसोले इरानमा सरकारी कार्यालय बन्द

**एजेन्सीहरु**

तेहरान ।इरानले तेहरान र उसका ३१ मध्ये २० भन्दा बढी प्रान्तका विद्यालय र सरकारी कार्यालयहरू बुधबार देखि बन्द गरेको छ ।

विश्वको सबैभन्दा ठूलो तेल र ग्याँस भण्डार इरानमा विद्युत् भने आवश्यकता अनसार उत्पादित छैन अर्थात् यहाँ विद्युत् अभावको अवस्था रहेको छ ।

विशेष गरी, जाडोमा जब तातो माग बढ्छ इरानले आफ्नो पावर प्लान्टहरूलाई पर्याप्त ईन्धन आपूर्ति गर्न सङ्घर्ष गरिरहेको छ ।

"अत्यधिक चिसो, हिमपात र ऊर्जा खपतमा कटौती गर्नुपर्ने आवश्यकताका कारण धेरै प्रान्तमा सरकारी कार्यालय र विद्यालयहरू बन्द गरिएका छन्," इरानको मेहर समाचार संस्था (मेहर न्यूज एजेन्सी)ले जनाएको छ।

तेहरान, अल्बोर्ज, फार्स, हमादान, इस्फाहान, कुर्दिस्तान र याज्द सहित २० भन्दा बढी अन्य प्रान्तहरू बन्दले प्रभावित भएका छन्।

मङ्गलबार राति तेहरानका विभिन्न जिल्लामा विद्युत् आपूर्ति बन्द भएको सरकारी टेलिभिजनले जनाएको छ ।

राष्ट्रिय विद्युत कम्पनी तावनीरले प्लान्टहरू सञ्चालन गर्न काम गरिरहेको जनाउँदै चरम मौसम र ईन्धनको अभावको कारण ग्यास र बिजुली खपतमा १० प्रतिशत कटौती गर्न आग्रह इरानले गरेको छ।

सरकारी टेलिभिजनका अनुसार हमादानको तापक्रम माइनस १९ डिग्री सेल्सियस (माइनस २.२ फरेनहाइट) मा झरेको छ र यो सबैभन्दा चिसो प्रान्तीय राजधानी बनेको छ ।

बुधबारको मौसम पूर्वानुमानअनुसार १३ प्रान्तमा भारी वर्षा, मेघगर्जन र हावाहुरीसहित वर्षाको सम्भावना रहेको छ भने पहाडी भू-भागमा हिमपातको सम्भावना रहेको छ ।

तेहरानबाट करिब ३०० किलोमिटर पश्चिममा रहेको जाग्रोस पर्वतमा ६० वटा गाउँ हिउँले ढाकिएका छन् र आपूर्तिका लागि हवाई सेवा जारी रहेको तस्निम न्यूज एजेन्सीले जनाएको छ ।

# क्रान्तिपछि बङ्गलादेशको हिरासतमा दर्जन व्यक्तिको मृत्यु : मानवअधिकार समूह

**एएफपी**

ढाका । गत वर्षको क्रान्तिपछि बङ्गलादेशमा यातना र बन्दुकको गोली लागेर कम्तीमा एक दर्जन मानिसको हिरासतमा मृत्यु भएको एक अधिकार समूहले बुधबार बताएको छ ।

पूर्व प्रधानमन्त्री शेख हसिनालाई हटाएको विद्यार्थी नेतृत्वको क्रान्तिपछि सत्ता सम्हालेको अन्तरिम सरकारसँग दक्षिण एसियाली यस मुलुकको सबैभन्दा ठूलो मानवअधिकार सङ्गठनहरू मध्येको एक ओधिकारले न्यायको माग गरेको छ ।

"अन्तरिम सरकारले यी अपराधहरूलाई दण्डहीन हुन दिनुहुँदैन", ओधिकारका निर्देशक एएसएम नसिरुद्दिन एलानले भन्नुभयो, "न्यायेतर हत्यामा संलग्न व्यक्तिहरूलाई न्यायको कठघरामा ल्याउनैपर्छ ।"

हसिनाको १५ वर्षे स्वेच्छाचारी शासनकालमा सुरक्षा बलहरूले उहाँको शक्ति बढाउन व्यापक हत्या गरेका ओधिकारले प्रतिवेदनमा विस्तृत रूपमा बताएको छ । ओधिकारले हसिना भागेपछि पनि ती एजेन्सीहरूले मानवअधिकार उल्लङ्घन गरिरहेको आरोप लगाएको छ ।

हसिना अगस्ट ५ मा छिमेकी भारतमा निर्वासनमा भाग्नुभयो र त्यसयता मानवता विरुद्धको अपराधको मुद्दा सामना गर्न पक्राउ पूर्जीको अवज्ञा गर्दै आउनुभएको छ ।हसिनाविरुद्धको विद्रोहमा संयुक्त राष्ट्रसङ्घका अनुसार एक हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको हुनसक्ने बताइएको छ ।

उहाँ गएपछि बङ्गलादेशी सुरक्षा बलहरूले हसिनाको आवामी लिग पार्टीका समर्थक र उहाँको 'फासीवादी' पूर्व सरकारका वफादारहरू विरुद्ध व्यापक गिरफ्तारी गरेका छन् ।ओधिकारले सन् २०२४ अगस्ट ९ र डिसेम्बर ३१ को बीच भएका १२ मृत्युको विवरण दिएको छ ।

बङ्गलादेशका सशस्त्र बलका जनसम्पर्क निर्देशक सामी-उद-दौला चौधरीका अनुसार सुरक्षा बलहरूले 'सबै मामिलाको अनुसन्धान गरिरहेका छन् ।'

# गौशालाका गाईलाई आहारा अभाव



**गोपालप्रसाद बराल**

बर्दिबास । महोत्तरीको गौशालास्थितनिगौलगाईगौशालाको व्यवस्थापन हुन सकेको छैन । गौशालाको अवलोकन र निरीक्षण उपल्लो तहबाट हुँदै आए पनि समस्या निराकरणमा ठोस पहलकदमी हुन सकेको छैन ।

गत शनिबार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गौशालाको स्थलगत अवलोकन गर्नुभयो । यसअघि तत्कालिन पद्मा अर्यालले पनि यसको अवलोकन गर्नुभएको थियो । गौशाला-४ का अजय कुशवाहा भन्नुहुन्छ, "गौशालाको व्यवस्थापनमा कोहीको ध्यान पुगेको छैन ।"

राष्ट्रिय सहकारी विकास बोर्ड अभिभावकत्वको यो संस्थाको मुख्य रेखदेखको जिम्मा जिल्लाका प्रमुख जिल्ला अधिकारीमा रहेको छ । गाई गौशालाको निरीक्षणपछि मन्त्री अधिकारीले विधि बनाएर समस्या समाधान गरिने बताउनुभयो ।

"मन्त्री, प्रशासनिक प्रमुखलगायतबाट गौशालाको निरीक्षण अनुगमन हुँदै आएको छ", गौशाला बजारका व्यापारी अजय साह भन्नुहुन्छ, "तर सुधार हुन सकेको छैन ।"

हिन्दू परम्परामा गाई पूज्य मानिन्छ । महोत्तरीको गौशालामा गाई गौशालाको बिजोग छ । उचित सम्भार, खानपान र उपचारको अभावमा गौशाला नगरपालिका-३ नवराजपुरस्थित निगौल गाई गौशालाका गाईका हाडछाला मात्र देखिन्छन् । कुपोषणले बर्सेनि गाई मर्न थलेका स्थानीयको भनाइ छ । गौशालाका गाईको उचित रेखदेख हुन सकेको छैन । उनीहरु पौष्टिक आहार र उपचारबाट समेत वञ्चित छन् ।

अहिले नवराजपुर र गौशालामा गरी दुई सयभन्दा बढी गाई छन् । यहाँ गाईका करङ देखिएका छन् । हाडछाला मात्र देखिन्छ । गौशालामा राखिएका गाईको विजोग छ । गौशालाका कर्मचारी पनि गाईको समुचित देखभाल र खानपान व्यवस्थापनबारे राष्ट्रिय सहकारी बोर्ड उदासिन रहेको बताउँछन् । "अभिभावकत्व लिएको बोर्डले कुनै वास्ता गर्दैन", निगौल गाई गौशाला कार्यालयका प्रमुख वीरबहादुर चौधरी भन्नुहुन्छ ।

निगौल गाई गौशाला सञ्चालन गर्न एक सय ४८ बिघा जग्गाको व्यवस्था गरिएको छ । जग्गामा घाँस र अन्य बाली समुचित तबरले लगाउन नसक्दा गाईलाई आहाराको अभाव भएको छ ।

"गाईकै खानपान व्यवस्थाका लागि जग्गा छ, तर त्यो जग्गा जोतकोड गर्ने, घाँस र अन्यबाली लगाउने गरेको देखिदैन । अधिकांश जग्गा बाँझै छ", स्थानीय रिभन साह भन्नुहुन्छ, "स्थानीय तहले पनि यसप्रति बेवास्ता गरेको छ ।"

निगौल गाई गौशालामा अहिले राष्ट्रिय सहकारी बोर्डका ज्यालादारीसहित ३० कर्मचारी कार्यरत छन् । यसमध्ये २६ जना त गोठालाकै दरबन्दीमा रहेका छन् । उनीहरुले गाईको हेरचाह राम्रोसँग गर्न सकेका छैनन् । आहारा दिन नसक्दा गाई थारा बस्ने क्रम बढेको कार्यालय प्रमुख चौधरीको स्वीकारोक्ति छ । "गाईकै आहाराको ऋण ५० लाख पुग्यो होला", प्रमुख चौधरी भन्नुहुन्छ, "अब त उधारो पत्याउन छाडे । त्यसैले गाईलाई पौष्टिक आहारा खुवाउन सकिएको छैन ।" यो प्रबन्ध राष्ट्रिय सहकारी विकास बोर्डले गर्नुपर्ने उहाँको भनाइ छ ।

यसबारे पटकपटक विभिन्न निकायमा ताकेता गरेपनि वास्ता नभएको चौधरीको गुनासो छ । गाई गौशालाको जग्गामा पशु हाट लगाइने ठेक्का बन्दोबस्तबाट २५ प्रतिशत आफ्नो कार्यालयले पाउनुपर्ने पूर्वसहमति भए पनि गौशाला नगर कार्यपालिकाको कार्यालयले रकम दिन विगतदेखि नै आनाकानी गर्दै आएको गाई गौशालाका कर्मचारी बताउँछन् ।

गाई गौशालाको नाममा रहेको एक सय ४८ बिघा जग्गामध्ये भण्डै ५० बिघा जति अतिक्रमणको चपेटामा परेको छ । यो अतिक्रमण गरिएका जग्गामा घर ठडिएका छन् । अतिक्रमण हटाउन पहलकदमी हुन सकेको छैन । दश बिघामा गाई गोठ, नौ/नौ बिघामा पोखरी र फूलबारी तथा करिब ५६/५७ बिघाजति खेतीयोग्य जग्गा छ ।रासस

# सुनको मुल्यले किर्तिमान भत्काउँदै

**सञ्जय ढकाल**

काठमाण्डु ।अर्थविद्हरूले जहिले पनि भन्ने गरेको एउटा कुरा के हो भने विश्वबजारमा जब लगानीकर्ताहरूमाझ धेरै अनिश्चय हुन्छ, उनीहरू सुनतर्फ आकर्षित हुन्छन् ।

अमेरिकामा राष्ट्रपति डोनल्ड ट्रम्पले एकपछि अर्को घोषणा गर्दै विभिन्न देशबाट आयात हुने सामग्रीमाथि थप शुल्क लगाइदिने धम्की दिन थालेपछि अहिले विश्व व्यापार युद्ध हुने त्रास बढेको जानकारहरूले औंल्याएका छन्।

यस्तो अनिश्चितताका माझ सुनको भाउले एकपछि अर्को कीर्तिमान भङ्ग गर्दै छ ।त्यसको सोझो असर नेपाली बजारमा देखा परिसकेको छ ।

यो वर्षको एक मुख्य वैवाहिक याम आउँदै गर्दा सुनको भाउले 'ऐतिहासिक बिन्दु' काट्ने अनुमान व्यवसायीहरूले गरेका छन् ।गएको कार्तिक १५ गते नेपाली बजारमा सुनले हालसम्मकै सर्वाधिक मूल्यको कीर्तिमान राखेको थियो ।उक्त दिन प्रति तोला १ लाख ७१ हजार रुपैयाँ पुगेको सुनको भाउ त्यसपछि बिस्तारै कम भयो ।

मङ्सिर ९ गते १ लाख ६७ हजार २ सय रुपैयाँमा ओर्लिएको सुनको भाउ सरकारले भन्सार दर आधाले घटाइदिएपछि भोलिपल्ट मङ्सिर १० गते १ लाख ५१ हजार ३ सयमा झरेको थियो । तर अहिले सुनको मूल्य फेरि लगातार बढिरहेको छ । माघ २९ गते यसको भाउ १ लाख ७० हजार २ सय रुपैयाँ पुग्यो ।

अन्तर्राष्ट्रिय बजारमा प्रतिआउन्स सुनको भाउ करिब २,९२० डलर पुगेको छ। एक आउन्स सुन भनेको करिब २८.३५ ग्राम हुन्छ । पाँच वर्षपहिले उक्त भाउ करिब १,६०० डलर रहेको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष अर्जुन रसाइली सुनको भाउ बढ्ने गति अझै केही समय तेज नै हुने ठान्छन् ।"अमेरिकाले स्टील तथा आल्यमिनिअममा थप आयात शुल्क लगाउने अनि चीनविरुद्ध पनि थप शुल्क लगाउने भनिरहँदा लगानीकर्ताहरू अनिश्चयमा परेका छन् । अर्कातिर डलरको विनिमय दर पनि अकासिएर १३९ रुपैयाँ प्रतिडलर पुगेको छ। यसले गर्दा उनीहरू सुनतर्फ अझै आकर्षित भइरहने देखिन्छ," रसाइलीले बीबीसीलाई बताए ।

"केही समय पहिलासम्म सुनको मूल्य बढेर एक आउन्सको ३,००० डलर पुग्ला भनिन्थ्यो। अब त्यो आँकडा त एकदम नजिक भइसक्यो," अर्जुन रसाइलीले भने ।आगामी दिनमा सुनको भाउ घटिहाल्ने छाँट नदेखिएको उनले बताए। "कम्तीमा फागुनको मध्यसम्म सुनको भाउ बढ्ने नै देखिन्छ," रसाइलीले नेपाली बजारमा कार्तिकमध्यमा देखिएको कीर्तिमान तोडिने आफूलाई लागेको बताए ।

कतिपय अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूमा आएका विवरणअनुसार पनि जारी अनिश्चयका माझ सुनको भाउ उकालो नै लाग्न सक्छ। सन् २०२५ यता नै यसको भाउ १० प्रतिशत बढिसकेको छ। तर अमेरिकी सरकारले आफ्ना नीतिमा फेरबदल गरेमा चाहिँ यो मूल्य वृद्धिमा अङ्कुश लाग्ने रसाइली ठान्छन् ।

अचाक्ली मूल्यवृद्धिका कारण घरेलु बजारमा उपभोग चाहिँ निकै घटेको रसाइलीले बताए। "ग्राहकहरू अलि पर्खेर हेर्ने मनस्थितिमा देखिन्छन्। सोखले गहना लगाउनेहरू ह्वात्तै घटेका छन् । "अहिले भइरहेको मूल्यवृद्धिका मुख्य कारण दुईवटा रहेको विश्लेषकहरूले बताउने गरेका छन् ।

एक त कतिपय उदाउँदा भनिएका मुलुकका केन्द्रीय ब्याङ्कहरूले सुनमा लगानी गर्न देखाएको निरन्तर तत्परता अनि अर्को अन्य लगानीकर्ताहरूको पनि सुनमै बढेको आकर्षण ।

वर्ल्ड गोल्ड काउन्सिलका पछिल्ला विवरणले यो बढ्दो आकर्षणलाई स्पष्ट पार्छ ।

**किन केन्द्रीय ब्याङ्कहरूले सुन किन्न थाले?**

सन् २०२४ मा विश्वभर सुनको माग ४९७४ मेट्रिक टन पुग्यो, जुन कीर्तिमान भएको उसले उल्लेख गरेको छ। उक्त परिमाणको सुनको मूल्य अमेरिकी डलरमा करिब ३८२ अर्ब रह्यो। सन् २०२४ मा लगानीका निम्ति लगभग १२ सय टन सुन किनिएको काउन्सिलले उल्लेख गरेको छ ।

उक्त एक वर्षमा केन्द्रीय ब्याङ्कहरूले चाहिँ १ हजार टन सुन किनेका थिए। धेरै किन्नेमा चीन र भारत पनि पर्छन्। काउन्सिलको आँकडाअनुसार भारतसँग ८७६ टन सुन ढुकुटीमा छ भने चीनसँग २,२७९ टन छ। सबैभन्दा धेरै अमेरिकासँग ८,१३३ टन रहेको देखिन्छ। नेपालको आँकडा त्यसमा देखाइएको छैन ।

नेपाल राष्ट्र ब्याङ्कको विवरणमा उसको खुद विदेशी सम्पत्तिमध्ये सुन, स्पेशल ड्रइङ राइट (एसडीआर) र आइएमएफ रिजर्भ गरी मध्यमाघसम्ममा करिब १ खर्ब २० अर्ब रुपैयाँ बराबरको सञ्चिति देखिन्छ ।

एक वर्षअगाडि त्यस्तो सञ्चिति ९७ अर्ब रुपैयाँ बराबर थियो ।"अहिले अन्तर ष्ट्रिय मञ्चमा देखा परेको अनिश्चयका कारण खास गरी उदाउँदा अर्थतन्त्रहरूले तिनको विदेशी विनिमय वा तरल सम्पत्तिको सञ्चितिलाई विविधीकरण गर्न थालेका छन्। सुन पनि एउटा भरोसायोग्य लगानी भएकाले अचेल त्यसमा आकर्षण देखिन्छ," राष्ट्र ब्याङ्कका भूतपूर्व कार्यकारी निर्देशक नरबहादुर थापाले भने ।

उनले अहिले झन्डै २३ खर्ब रुपैयाँ बराबरको विदेशी मुद्राको 'आरामदायी' सञ्चिति भएको समयमा नेपाल राष्ट्र ब्याङ्कले पनि यो विषयलाई अध्ययन र अभ्यास गर्न सुझाव दिए ।"अहिलेसम्म यस मामिलामा राष्ट्र ब्याङ्क चनाखो भएको देखिँदैन। शायद विप्रेषण आम्दानी र विदेशी विनिमयको पर्याप्त सञ्चितिले ऊ ढुक्क भइराखेको होला। तर आफ्ना लगानीहरूको विविधिकरण गर्नु आवश्यक हुन्छ," उनले भने ।सुनमा लगानीबारे मिहिन अध्ययन गरेर अघि बढ्नु लाभदायक हुने उनले बताए ।

नेपाल राष्ट्र ब्याङ्कका प्रवक्ता रामु पौडेलले सुनको सञ्चितिलाई आफूहरूले विदेशी विनिमय सञ्चितिको महत्त्वपूर्ण पाटो मान्ने गरेको बताए ।"भारत र चीनजस्ता देशका केन्द्रीय ब्याङ्कहरूले सुनमा लगानी बढाइरहेका छन्। हाम्रो पनि त्यस्तो सोचाइ छ तर अहिले नै कुनै आक्रामक हिसाबबाट जाने भन्ने छैन," पौडेलले भने ।राष्ट्र ब्याङ्कले सुनमा उसको लगानीको परिमाणलाई नियालिरहेको र आवश्यकताअनुसार नीति अपनाउने गरेको उनले बताए।

विदेशी विनिमयलाई व्यवस्थापन गर्दा खास गरी (वित्तीय) सुरक्षा, तरलता, नाफा अनि विविधीकरणजस्ता चार पक्षलाई ध्यान दिएर सन्तुलित लगानी गर्नुपर्ने प्रचलित मान्यता रहेको थापाले बताए ।बीबीसी



## सुनको मूल्यमा २७ सय कमि

**टुडे समाचारदाता**

काठमाण्डु । लगातार बृद्धि भइरहेको सुनचाँदीको मुल्यमा बुधवार केहि कमि आएको छ। स्थानीय बजारमा सुनचाँदीको मूल्य घटेको व्यवसायीहरुले जनाएका छन् ।

सुन प्रतितोला २ हजार ७ सयले घटेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

मङ्गलबार प्रतितोला सुन १ लाख ७० हजार २ मा कारोबार भएको थियो ।तर बुधवार सोही परिमाणको सुनको मूल्य १ लाख ६७ हजार ५सय कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

चाँदीमापनि प्रतितोला १५ ले घटेको छ । बुधवारका लागि प्रतितोला चाँदीको मूल्य १ हजार ९ सय ३० निर्धारण गरिएको छ ।

# ढल्केबर–मुजफ्फरपुर प्रसारण लाइनबाट अब १ हजार मेगावाट विद्युत् आयात–निर्यात हुने



**टुडे समाचारदाता**

काठमाण्डु । हाल सञ्चालनमा रहेको अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४ सय किलोभोल्ट प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यात परिमाण अब ८ सय मेगावाटबाट १ हजार मेगावाट पुऱ्याइने भएको छ ।

मंगलबार नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशन समिति बैठकमा दुई देशबीच यस्तो सहमति भएको हो ।

समितिको १२औं बैठकमा नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य र भारत सरकारको विद्युत् मन्त्रालयका सचिव पंकज अग्रवालले नेतृत्व गरेका थिए ।

उक्त बैठकले ९ माघमा सम्पन्न सहसचिव स्तरीय संयुक्त कार्यदलको बैठकले सिफारिस गरेका विषयमा छलफल गरेको हो ।

बैठकमा नेपाल-भारत बीच विद्यमान विद्युत् प्रसारण लाइन, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइन, अन्तरदेशीय विद्युत् आयात-निर्यात लगायत विषयमा छलफल भएको ऊर्जा मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार बैठकमा चमेलिया-जौलिजिबीबीचको २२० किलोभोल्ट डबल सर्किट प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन सन् २०२५ सम्म तयार पार्ने सहमति समेत भएको छ ।

> नेपालतर्फको प्रसारण लाइनको ५१ प्रतिशत र भारतको पावर ग्रिडको ४९ प्रतिशत एवं भारततर्फको प्रसारण लाइनका लागि पावर ग्रिडको ५१ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ४९ प्रतिशत स्वपूँजी रहने गरी मोडालिटी तय गर्ने सहमति समेत भएको ऊर्जा मन्त्रालयले जनाएको छ ।

नेपाल खण्डको प्रसारणलाइन नेपाल विद्युत् प्रीधिकरण र भारततर्फको लाइन पावर ग्रिडले २०२५ सम्म बनाइ सक्ने सहमति समेत भएको छ । नेपाल-भारतबीच इनरुवा-न्यु पूर्णिया र दोधारा-बरेलीबीच ४ सय किलोभोल्ट क्षमताका अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्य २०३० सम्म सम्पन्न गर्ने समेत सहमतिमा उल्लेख छ ।

यसका लागि नेपालतर्फको प्रसारण लाइनको ५१ प्रतिशत र भारतको पावर ग्रिडको ४९ प्रतिशत एवं भारततर्फको प्रसारण लाइनका लागि पावर ग्रिडको ५१ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ४९ प्रतिशत स्वपूँजी रहने गरी मोडालिटी तय गर्ने सहमति समेत भएको ऊर्जा मन्त्रालयले जनाएको छ ।

यस्तो कम्पनी एक महिनाभित्र स्थापना हुने भएको छ । सन् २०३४/३५ सम्मका लागि नेपालबाट थप विद्युत् भारत निर्यात गर्न अन्तरदेशीय प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण र विस्तार गर्ने सहमति समेत भएको छ ।

जसमा निजगढ/हरनैया-मोतिहारीबीच ४ सय केभी प्रसारणलाइन २०३४/३५ सम्म निर्माण गर्ने, कोहलपुर-लखनउबीच ४ सय केभी, ढल्केबर-मुजफ्फरपुरबीच ४ सय केभी प्रसारण लाइनमा उच्च क्षमताको कन्डक्टरले प्रतिस्थापन गर्ने सहमति समेत भएको छ ।

## नेप्से परिसूचकमा झिनो अङ्कको सुधार

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । बुधवार नेप्से परिसूचक एक दशमलव ८६ अङ्कले बढेर दुई हजार छ सय ८५ दशमलव ७३ को विन्दुमा कायम भएको हो ।

तीन सय सात कम्पनीको एक करोड ५५ लाख २० हजार पाँच सय ५९ कित्ता शेयर ८२ हजार आठ सय ५० पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७१ करोड ७८ लाख ४७ हजार बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा विकास बैंक एक दशमलव ३३, वित्त एक दशमलव ५६, लगानी एक दशमलव २२ र जीवन बिमा समूह एक दशमलव ४८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव शून्य नौ होटल तथा पर्यटन शून्य दशमलव ६३, जलविद्युत् शून्य दशमलव शून्य चार र उत्पादन तथा प्रशोधन शून्य दशमलव ३१ प्रतिशतले घटेको छ ।

त्यस्तै, लघुवित्त शून्य दशमलव ११, म्युचुअल फण्ड शून्य दशमलव शून्य नौ, निर्जीवन बिमा शून्य दशमलव शून्य तीन, व्यापार शून्य दशमलव ९१ र अन्य समूह शून्य दशमलव ४७ प्रतिशतले घटेको छ । गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको सबैभन्दा बढी रु ३९ करोड ६० लाख २२ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा बढी सनराइज फोकस्ड इक्विटी फण्डको पाँच लाख १४ हजार एक सय कित्ता शेयर किनबेच भएको छ ।रासस

## गाउँघरमा परम्परागत टपरी हराउँदै

गाईघाट । उदयपुरको ग्रामिण भेगमा थारु समुदायले विवाह, भोज, भतेरलगायतमा अनिवार्य रुपमा प्रयोग गरिने भर्लाको पातको टपरी प्रयोग गर्ने चलन हराउँदै गएको छ । हिजो आज कृत्रिम टपरी प्रयोग हुन थालेपछि परम्परागत टपरी हराउँदै जान थालेको हो ।

विवाह, भोज, भतेरसहितका कार्यमा कागजको टपरी प्रयोग हुन थालेपछि परम्परागत टपरी विस्थापित भएको हो । व्यावसायिक रुपमा परम्परागत टपरी उत्पादन गर्नेको रोजगारी सङ्कटमा पर्दै गएको थारु समुदायका महिला बताउँछन् । त्रियुगा नगरपालिकाको मोतिगडा, बगाहा, जोगिदह, देउरी, खैजनपुर, मोथ्याई, पोर्ताहा, लक्ष्मीपुर, पुरानो गाईघाट र गैरुन क्षेत्रमा बसोबास गर्दै आएको थारु समुदायको विवाह, भोज, भतेरलगायत धार्मिक तथा सांस्कृतिक कार्यमा अनिवार्य रुपमा भोर्लाको पातको टपरी प्रयोग गर्ने चलन छ ।

कागजको टपरीको कारण आफूहरुको संस्कार र संस्कृति नै लोप हुने अवस्थामा पुगेको त्रियुगा-४ बगाहाका महेन्द्र चौधरी बताउनुहुन्छ । थारु समुदायको भोज भतेर विवाहसहितका धार्मिक कार्यमा भोजन गर्दा भोर्लाको पातको टपरीमा अरुलाई खाना दिने चलन छ । हिजो आज कागजको टपरी प्रयोग हुन थालेको छ ।

त्रियुगा-४ बगाहाकी ५५ वर्षीया मङ्गलीदेवी चौधरी भन्नुहुन्छ, "दश वर्ष अगाडिसम्म गाउँघरमा भोज भतेरमा अनिवार्य भोर्लाको पातको टपरीमा खाना खान दिने लचन थियो । रासस


Government of Madhesh Province

Ministry of Sports & Social welfare

**Vocational & Skill Development Training Centre**

**Janakpurdham Dhanusha**

**REQUEST FOR EXPRESSION OF INTREST**

**(Notice Published Date :2081/11/01)**

1. Government of Madhesh Province has allocated fund toward the cost of Vocational Skills Training and intends to apply a portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for Consulting Services.
2. The Vocational and Skill Development Training Centre, Ministry of sports & Social welfare Madhesh province now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: to deliver quality skill training services for the targeted beneficiaries following the approved curricula in the following training. The training should assure the standards as provisioned by curriculum.
3. Interested Eligible consultants may obtain further information and EOI document with cost of Rs.1000.00 Should Deposit at the address (1)Name Of the Bank: Rastriya Banijya Bank (2) Name Of the office: Vocational and Skill Development Training Centre, Madhesh Province, Janakpurdham(3) Office Code No. 3430317012 (4) Office Account No.-1000100200010000 (5) Rajaswa (revenue) Shirshak No.14229. during office hours on or before 13thPhalgun 2081. Sample of EOI available in Website for reference.
4. Expressions of interest shall be delivered manually to the address Vocational and Skill Development Training Centre Janakpurdham with Sealed envelopes Clearly Mention Sector & Trade on or before 5:00 PM of 15th Phalgun 2081
5. In case the last date of obtaining and submission of the EOI document happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
6. EOI will be assessed based on Qualification 30 %, Experience 50 % and Capacity 20 % of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
7. Minimum score to pass the EOI is 60 (sixty) percent.
8. A company/firm/organization/person can submit EOI for maximum only 2 sectors

# ‘निधि निवास र गढिमाईको बजेटमा भ्रष्टाचार भयो’

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वमुख्यमन्त्री एवं जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले निधि निवास र गढीमाई मेलाका लागि गएको बजेटमा भ्रष्टाचार भएको आरोप लगाएका छन् ।



प्रदेशसभा बैठकमै उनले आफ्नै कार्यकालमा बारामा निधि निवास र गढीमाई मेलाका लागि गएको बजेटमा भ्रष्टाचार भएको दाबी गरेका छन् ।

‘म मुख्यमन्त्री रहेकै बेला निधि निवासका लागि १९ करोड र गढीमाई मेला अगावै सडक निर्माण तथा मर्मतका लागि २१ करोड ४० लाख रुपैयाँ गएको थियो’, उनले भने, ‘यी दुवै योजनामा भ्रष्टाचार भएको भनेर छानबिन गर्न यसअघि पनि माग गरेको थिएँ । आज फेरि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।’

पूर्वमुख्यमन्त्री यादवले बजेटमा कर्मचारीहरुले भ्रष्टाचार गरेको जिकिर गरे । ‘सरकारले भ्रष्टाचार गरेको भनेको छैन, मैले नै भ्रष्टाचार गरेको छु भने छानबिन गरौं’, उनले भने ।

गढीमाई मेलाका लागि सडक निर्माण तथा मर्मत १०-१० लाख टुक्रे योजना बनाएर खर्च गरेको र त्यसमा भ्रष्टाचार भएको उनको जिकिर छ । मुख्यमन्त्री रहेका बेला आफूले अर्थ मन्त्रालयमा निधि निवासका लागि थप रकम नपठाउन पत्र लेखे पनि थप १० करोड गएको उनले बताए ।

उनले निधि निवासका लागि मात्र ४५० घरको सम्झौता गर्न भनेको, तर पैसा खाएर कर्मचारीले १ हजार ६०० घरको सम्झौता गरेको पनि उनले आरोप लगाए । बाराका भौतिक पूर्वाधार कार्यालयका प्रमुख राजेन्द्र साहले भ्रष्टाचार गरेको भन्दै उनलाई मन्त्रालय तान्न भौतिक पूर्वाधार मन्त्रीसँग आग्रह गरे ।

पूर्वमुख्यमन्त्री यादवले भने, ‘कुनै किसिमको सम्बन्ध छैन भने अर्को हाकिम पठाउनुस् ।’ उनले ५ करोड प्रत्यक्ष र डेढ करोड समानुपातिक सांसदको बजेट उपभोक्ताबाट गर्ने सुनेको, तर बाँकी बजेट कसले चलाउने भन्ने प्रश्न उठाए । उनले एउटा पनि योजना बिक्री भयो भने ठीक नहुने चेतावनीसमेत दिए ।

# ‘छोरीलाई पढाए बालविवाह रोकिन्छ’



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदशका मुख्यमन्त्री सतीशकुमार सिंहले छोरीलाई पढाउन सके बालविवाह रोकिने बताएका छन् ।

छोरीको विवाह गरेर बोझ हटाउने मानसिकताका कारण बालविवाहले प्रश्रय पाइरहेको उनको भनाइ छ । गरिबीकै कारण शिक्षामा बालिकाको सहभागिता कम भएको भन्दै उनले शिक्षा र चेतनाबाट मात्र बालविवाह उन्मूलन हुने प्रस्ट पारे ।

जनकपुरधाममा बुधबार मधेश भवनस्थित मुख्यमन्त्री निवासमा पुगेका बालविवाहमुक्त नेपालका लागि काम गरिररहेका जस्ट राइट्स फर चिल्ड्रेन इन नेपाल तथा बेस नेपालका प्रतिनिधि एवम् बालबालिकालाई मुख्यमन्त्री सिंहले शिक्षामा पहुँच र प्राप्तिबाटै बालविवाह रोकिने हुँदा बालिका शिक्षित हुँदा धेरै दाइजो दिनुपर्ने र त्यसकारण बालविवाहमा वृद्धि भएको गलत भाष्य स्थापित नगर्न आग्रह गरे ।

उनले विपन्नतासँग लडिरहेका अभिभावकले विद्यालय शिक्षा पूरा नगर्दै छोरीको बिहे गर्ने विद्यमान मानसिकतालाई निरुत्साहित गर्न बालिकाहरूले घरभित्र पनि असल मत निर्माणमा अग्रसरता लिनुपर्ने मुख्यमन्त्री सिंहले सुझाए। पछिल्ला समयमा देखापरेका विकृति तथा विसङ्गति निर्मुल गरी छोरी शिक्षाका लागि अभिभावकमा संवेदनशीलता बढाउन उनले सुझाव दिए ।

उनले सामुदायिक विद्यालयमा बालिकाको संख्यात्मक उपस्थिति उल्लेख्य रहेको र उच्चशिक्षा पाएका बालिकाले चिकित्सा, इन्जिनियरिङ क्षेत्रमा अब्बल प्रदर्शन गरिरहेको टिप्पणी गरे ।

बाबुआमाको हेरचाहमा छोराभन्दा छोरीले बढी गरिरहेको विषय स्थापित भइसकेको भन्दै शिक्षाका माध्यमबाट छोरीलाई विभिन्न सरकारी लगायतका अवसरमा सहभागिता एवं प्रतिनिधित्व सुनिश्चित गराउन बालिका शिक्षामा सबै पक्षको ध्यान केन्द्रित हुनुपर्ने बताए । उनले उमेर नपुगी र शिक्षा प्राप्ति नसकिँदासम्म छोरीको विवाह नगर्न सचेतना जागरणमा दातृनिकाय, गैरसरकारी संस्था लगायत सरोकारवालाहरू थप सक्रिय हुनुपर्ने औंल्याए ।

मुख्यमन्त्री सिंहले मधेश प्रदेशमा सरकारी सेवातर्फ ५० प्रतिशत महिला आरक्षण रहेको बताए ।

मुख्यमन्त्री सिंहले बालविवाहविरुद्धको प्रतिबद्धतापत्रमा समेत हस्ताक्षर गरेका छन् । प्रतिबद्धतापत्रमा बालविवाह सामाजिक समस्या र कानुनी अपराध भएकाले हरतरहले बालविवाह समाप्त गर्ने उल्लेख छ ।

## प्रदेशको सात वर्ष :

# नाम संघीयताको ,काम भागबण्डाको



हिमांशु चौधरी

विषको स्वाद उसलाई सोध्नु हुँदैन जो सर्पको बीच नै यात्रारत होस् । संघीयताको जननी मधेश प्रदेशमा मधेशको उन्नयनका नाममा स्थापना दल ,राजनीतिक पात्रको चरित्रले सिर्जना गरेको विडम्बनापूर्ण बिगबिगी सर्प बीच नै यात्रारत रहेको अवस्था भैं छ । विकासको संरचनामा राजनीतिक पात्र , प्रदेशको नामकरणमा राजनीतिक पात्र , जानकी मन्दिरको सौन्दर्यकरणमा राजनीतिक पात्र , छोरीलाई साइकल वितरण , बीमामा राजनीतिक पात्र , किसानको मलखादमा राजनीतिक पात्र , योजनाहरुमा राजनीतिक पात्र,बजेट निर्माण , योजना छनोट , कार्यान्वयन , प्रक्रियामा राजनीतिक पात्रको चरित्रगत र भागबण्डाको गाथा यत्रतत्र छ । मुख्य रुपले परिवर्तन , विकास र सुशासनबीच विरोधाभास र संस्कारमा देखिएको विचलन यसको कारक हो ।

राजनीति निष्ठा र निरन्तरताको यात्रा हो , निरन्तर आशा र अनन्त सम्भावनाको यात्रा हो ।अस्वभाविक बहुरुपी ,बहुरंगी क्षणिक आत्मीयतामा भावुक हुँदै अवस्थाको महत्व, गम्भीरता , संवेदनशीलतालाई मन मस्तिष्कबाट बुझ्ने चेष्टा नगर्ने मनोविज्ञान नै भएको कारकलाई नकार्न सकिदैन । त्यसैले होला गुलाबको फूल भन्दा पनि कैक्टसलाई घरको दैलोमा राख्ने मनोवृत्ति विकसित हुनुलाई स्वभाविक मान्न थालिएको र कैक्टस सौन्दर्यमा परिणत भएको छ । यही आशयको एउटा प्रसंग सान्दर्भिक छ - कविमा दुई उपनामले कविता वाचन गर्ने बानी थियो , उद्घोषकले अब अलपत्र जीले कविता वाचन गर्ने भने पछि कविले होइन आज संघीयता नामले कविता वाचन गर्ने भन्दै कविता वाचनका लागि प्रयास गर्दा जनता कराउन थाले - जुन नामले कविता वाचन गरे पनि तपाईले अलपत्र नै पार्ने हो । राजनीतिक पात्र पनि यही अवस्थाबाट यात्रा गरिरेहेका छन् । विश्वासघातको यात्रा लम्बिदै गएकाले खेदो मात्रै खन्ने प्रवृत्तिको दुष्प्रभाव देखिएको छ ।

समयले न्याय गर्दा गवाहको आवश्यकता पर्दैन । त्यस क्रममा यस्तो समय पनि आउँछ जब अगाडि बढ्दा कष्टदायक , पछाडि फर्किदा कष्ट र स्थिर भइ उभिदा घातक हुन्छ । राजनीतिक पात्रहरुले साहस , दृढ विश्वास र प्रारब्धसँग तालमेल गर्नु फलदायी हुन्छ। झुटको खुट्टा हुँदैन , हावामा नै उसको पोषण हुन्छ , उसले सत्यको बस्त्र धारण गरी सत्य समक्ष उभिदा अस्तित्वलाई बचाउन सत्यलाई नै दोषारोपण गर्दछ । जार्ज बर्नाड शाँ को भनाइ अनुसार अनुभव तब असफल हुन्छ जब सिक्ने ईच्छा न होस । संघीयता, पहिचान , अपनत्व , अधिकारका परिचायक भनाउँदा मधेशी दल , नेता , उपनेता , नायक ,प्रदेशका मुख्यमन्त्री , मन्त्री , सभासद , अगुवा कार्यकर्ता , क्रान्तिकारी नामधारीहरुको क्रियाकलाप , राजनीतिक खेतीरुपी स्वार्थ छद्म चरित्रले विवेकशून्यताको घुम्टोमा बस्ने स्थिति मधेश प्रदेशका लागि लज्जास्पद र दुर्भाग्यपूर्ण छ । भ्रम र झुटको विकासरुपी नामधारी चरित्र हरेक चीज बिकाउ भैं एउटा क्षणका रुपमा परिभाषित हुन पुगेको छ ।




मधेश प्रदेशका मुख्यमन्त्रीहरु लालबाबु राउत र सरोजकुमारको मुख्यमन्त्री कालको अस्थिरता , पार्टी अध्यक्षको छाया , लेनदेनको अभीष्ट , विकासका नाममा साइकल , बीमा , सौन्दर्यकरणको अनियमितता , स्वार्थ लिप्त गाथा छ भने वर्तमानमा सतीशकुमार सिंहको भाषणमुखी दिनचर्या , सरुवा बढुवाका लागि लेनदेन ,ठेकेदारी , मन्त्रीहरु मनिमाइन्डेड , सत्तालाई निरन्तरता दिन पदीय गरिमा स्खलितजन्य उद्यतशील ६ महिनाको समयसारिणी छ । मन्त्रीहरु धम्की , भ्रष्ट चरित्रले आरोपित छन् । बदनाम छविले बशीभूत बजेटलाई पनि जादुयी वाक्यको प्रयोग र प्रक्रियाको व्यूहरचना गरी कार्यान्वयनको लागि राजनीतिक दल , सत्ता साझेदारको भूमिका पनि रावण , कौरव र कंशलाई स्मरण गराउँछ । होशियार हुनु राम्रो कुरा हो , तर अरुलाई मुर्ख सम्झिने कुरा बेकूफी हुन्छ भन्ने कुराको हेक्का नहुनु आश्चर्यको अवस्था छ ।

कुनै पनि कार्य बारे आत्म चिन्तन नहुनु मानसिक दोष हो । प्रदेशको कामकाजको भाषा विधेयक प्रस्ताव ,हैकरको बजेट कार्यान्वयन , स्वास्थ्य प्रतिष्ठानका पदाधिकारीहरुको चयन सन्दर्भमा काठमाण्डुको एउटा होटलमा भएको डिल , मधेश विश्वविद्यालयका पदाधिकारी चयनका बेला भएको लेनदेन , कृषि क्षेत्रमा विकासका नाममा भएका कमीशनका घटना , सुरसण्डमा भएको बैठक , नीति आयोग , लोक सेवाका पदाधिकारीको चयनमा भएको प्रदेशको संघीय भावको उपेक्षा , लोभ ,स्वार्थरुपी मानसिक दोषलाई विश्लेषण नगरी प्रदेशको घोषणा भुलभुलैया सिद्धको क्रममा छ ।

लालबाबु राउतको मुख्यमन्त्री कालमा पार्टी अध्यक्ष उपेन्द्र यादवको छाया , सरोजकुमार यादवको मुख्यमन्त्रीको कालमा पनि पार्टी अध्यक्षको हस्तक्षेपकारी निगरानी र सतीशकुमार सिंहको मुख्यमन्त्री कालमा पार्टी अध्यक्ष सीके राउतको अस्थिर चिन्तनबाट प्रभावित प्रदेशको सघीयतामाथि नै नैराश्य उत्पन्न गर्ने कारक छन् । अझै यी कारक भित्र नियाँल्दा तत्कालिन र वर्तमान मन्त्रीहरुको पनि मनोदशा जनतालाई भ्रमजालमा पार्ने मात्र रहेको पाइन्छ। जितेन्द्र सोनल,भरत साह ,ज्ञानेन्द्र यादव , विजय यादव ,शैलेन्द्र साह , नवलकिशोर साहका शैली र मुख्यमन्त्री राउतको सत्ता काललाई असन्तुष्टिको श्रेयतामा परिणत गरेको थियो , यसमा मुख्यमन्त्री राउत स्वयम् पनि दोषी देखिए । योजनाको भागभण्डाका लागि भौतिक योजना मन्त्री रामसरोज यादवसँग विवाद गरी प्रज्ञा प्रतिष्ठानमा पदाधिकारी चयन गर्दा वैरभाव र राजनीतिक प्रतिशोधजन्य कार्य गरे । जसको परिणाममा प्रज्ञा प्रतिष्ठान एउटा दलको संस्थाजस्तो बन्न पुगेको कटु पनि सत्य छ । त्यस पछिका मुख्यमन्त्री सरोजकुमार यादवको रातिमा अस्पताल चहार्दे , पदाधिकारी नियुक्तिमा सौदाबाजीको अध्याय छ। यादवकै कार्यकालका नेपाली कांग्रेसका कृष्णा यादवको भौतिक पूर्वाधार मन्त्रीको काल बदनामीबाट अछुतो रहन नसकेको अवधिमा सूचीकृत छ । जनमतका महेश यादव र नेकपा एमालेका सरोजकुमार यादव चक्रव्यूह रचनामै बिताएको क्षण संघीयतालाई बदनाम गर्ने अध्याय हो । यही दुर्गति वर्तमान मुख्मन्त्री सतीशकुमार सिंहको छ । कृषि विश्वविद्यालयमाथि कुशासकीयभाजनले शिक्षार्थीदेखि कर्मचारी टुहुरो बन्न पुगेका छन् । उनको शुभारम्भ कालका अर्थमन्त्री भरत साहको बजेट हैकिंग कालो दाग भै.छ ।मुख्यमन्त्री सतीशकुमार सिंह वर्तमान सत्ता साझेदार नेकपा एमालेका सरोजकुमार यादवसँग सघन र नेपाली कांग्रेस टाढा र लोसपालाई बेवास्तालाई राजनीतिक अभ्यास मार्ग बनाएका छन् उनी यो बिर्सी सकेका छन् कि बजारमा पिजडा मात्र पाइन्छ , गुँड पाउँदैन । संकटमा परेपछि सत्ता दोष , अस्थिर दोष , कुर्सी दोष , शनि दोष , सारथी दोष मात्र देखिन्छ तर स्वयंको दोष देखिदैन । जसरी काठको कीराले कुर्सीलाई खाने गरेको छ त्यस्तै कुर्सीरुपी कीराले प्रदेशलाई खाइरहेको पुष्टि हुन्छ ।

कुनै पनि नेता ,शासनको सफलता रुप र आकर्षणबाट हुन सक्दैन यसको लागि सफलताको केन्द्रबिन्दु जनताको सम्मान ,आदर , विश्वास र भरोसा हुन्छ । सम्मान समर्पणबाट अंकुरित हुन्छ , आदर संवदेनाबाट हुन्छ , दायित्व , निष्ठा क्रियाशीलता , कर्मण्यताबाट विश्वास र भरोसा जीवित रहन्छ । पूर्व मुख्यमन्त्रीहरु राउत र यादव वर्तमान मुख्यमन्त्री सिंहको यथा दृष्टि तथा सृष्टि भुलभुलैयाको सारिणी मात्र साबित भइरहेको छ ।परिणाममा मधेशको मुद्दा एवं समृद्धि उपहास र विरोधको कुचक्रमा परेको छ , जो खुट्टा भाँचेको अवस्था हो । तापनि झुटको घुम्टोमा सातौ वर्ष मनाइँदै छ , जो कति मूल्यवान साबित होला ? लेखौला अर्को वर्ष ।

# ‘जनतमसँगको एकताको खबर चाँडै सुन्न पाइन्छ’



**टुडे समाचारदाता**

जनकपुरधाम । नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरीले जनमत पार्टीसँगको एकताको शुभखबर चाँडै सुन्न पाइने बताएका छन् । ‘जनमत पार्टीसँगको एकताको शुभखबर चाँडै सुन्न पाउनुहुन्छ, डा. साहेबसँग कुराकानी भइरहेको छ,’ संरक्षक चौधरीले भने ।

उनले नाउपा र जनमतका बीचमा त्यति धेरै फरक विचाधारा नभएकाले पनि मिल्न सजिलो हुने बताए। ’हामी विचारधाराका हिसाबले पनि समान छौं । अरु कुराहरू पनि समान नै छन् । हामी दुबै आन्दोलनबाट आएका हौं। दुबै जेलनेल बसेका हौं देश र जनताका लागि। दुबै युवा हौं, त्यही कोणबाट कुराहरू गर्छौं र बुझ्छौं । त्यसो भए किन फरक-फरक बस्ने त भनेर हामीले एकताका लागि संवाद अगाडि बढेका छौं,’ उनले भने ।

चौधरीले नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी देशबाहिर रहेको र उनी फर्केपछि एकताका लागि अन्तिम संवाद हुने बताए । सङ्गठनात्मक रूपमा एकीकृत पार्टीको नेतृत्व कसले गर्छ ? भन्ने जिज्ञासामा उनले त्यसमा विवाद नै नहुने जिकिर गरे। ’डा.साबसँग कुरा हुँदा त मैले तपाईं गर्नुस् भन्ने र उहाँले तपाईं गर्नुस् भन्ने भइरहेको छ। त्यसमा विवाद हुँदैन। हामीले पदभन्दा पनि जनताको सेवालाई मुख्य मानेका छौं,’ उनले भने ।

उनले यसअघि गत माघ २७ गते नेसपा (नयाँ शक्ति) को पहिलो महाधिवेशनको खुल्ला सत्रमा डा. सीके राउत नेतृत्वको जनमतसँग चाँडै एकता हुने बताएका थिए ।

# मालपोत कार्यालयको कामकाज प्रभावित

**टुडे समाचारदाता**

लहान । गाउँ ब्लक जग्गा फुकुवाको माग गर्दै लहान नगरपालिकाका स्थानीयहरूले संघर्ष समिति गठन गरेर लहान स्थित मालपोत कार्यालय अगाडि धर्नामा बसेपछि दुई दिनदेखि नियमित कामकाज प्रभावित भएको छ ।




मागहरू पूरा नभएसम्म धर्ना कार्यलाई अघि बढाइरहने सङ्घर्ष समितिका संयोजक लहान नगरपालिका-६ का पूर्व वढाध्यक्ष नेपाली कांग्रेसका नेता अरुण केसीले जानकारी दिए । उनका अनुसार हाम्रो मागलाई पटक पटक बेवास्ता गरिरहँदा बाध्य भएर आन्दोलनमा उत्रिनु परेको छ ।

जग्गा फुकुवा नहुँदा बैंकबाट कारोबार गर्न नसक्ने, छोरा छोरीको विवाह शिक्षा र भइपरी आएका समस्याहरू टार्न ठूलो समस्या भएपछि बाध्य भएर आन्दोलन गर्नु परेको उनको भनाइ छ ।

लहान नगरपालिकका पन्ध्र हजार घरपरिवारको यो समस्या भएकोले धर्ना कार्यक्रममा उपस्थिति भएर लहान नगरपालिकाबाट समर्थन गरेको लहान नगरपालिका उपप्रमुख राम चलितर महतोले बताए । उनले भने, ‘यो समस्या समाधान गर्नका लागि बिस वर्षदेखि नै सम्बन्धित मन्त्रालय विभाग हरेक ठाउँमा पुगेर थालेको प्रयास सफल हुन सकेपछि आन्दोलनलाई लहान नगरपालिकाले उचित ठानेर समर्थन गरेका छौं ।’

लहान नगरपालिकाका वर्तमान वडाध्यक्षहरू क्रमशः रमेश गौतम वडा नं ६ न्यायिक समिति सदस्य महेन्द्र ठाकुर, नेपाली कांग्रेसको पुरानो नेता रामसुन्दर चौधरी, लहान-५ का पूर्व वडाध्यक्ष मो सेलेमान अन्सारी नेपाली कांग्रेस नगर सभापति सञ्जयकुमार यादवले भौतिक र नैतिक समर्थन नै गरेका छौं ।’

गाउँब्लक संघर्ष समितिले थालिएको आन्दोलनमा मालपोत कार्यालय लहान शाखामा रहेको लेखापढी व्यावसायी संघको समेत समर्थन रहेको सङ्घको अध्यक्ष रामनारायण यादवले बताए । “लेखापढी व्यावसायीहरू लहानका २४ वटै वडाका पीडितहरूको समस्या सुनेको मात्रै होइन, महसुस समेत गरेकोले धर्नामा बसेका स्थानीयहरूलाई साथ समर्थन दिन धर्नामा बसेका छौं,“ अध्यक्ष यादवले भने ।

माघ २९ गतेदेखि मालपोत कार्यालयको मूल प्रवेशद्वारमा धर्ना बसेपछि कार्यालयमा कार्यहरू थप भएको मालपोत कार्यालय प्रमुख अर्जुन मण्डलले बताए । यो समस्या समाधानका लागि सम्बन्धित निकायबाट पहल गरिरहेको उहाँले भन्दै धर्ना कार्यले कार्यालयको कामकाज ठप्प भएको सुनाए । उनले भने, ‘यस विषयमा माथिको निर्देशन आएपछि मात्रै समस्या समाधान गर्न सकिने देखिन्छ । यो लहानको समस्या मात्रै नभएर देशव्यापी समस्याको रूपमा रहेको छ ।’

प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं ।

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
- आफ्ना प्रतिनिधिहरु मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थापनको मर्म हो,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यवहार र आचरण पनि हो, त्यसैले,
- प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
- त्यस तर्फ सचेत बनौं ।
- ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८